# सिकाइ उपलब्धि


लेखन

शंकर सिंह चैसिर

परियोजना संयोजक

राष्ट्रिय बहिरा महासंघ नेपाल



प्रकाशक

राष्ट्रिय बहिरा महासंघ नेपाल (NDFN)

(श्रवणदृष्टि विहीन राष्ट्रिय स्रोत केन्द्र)

लाजिम्पाट, काठमाण्डौ

पुस्तक : सिकाइ उपलब्धी

श्रवणदृष्टि विहीन व्यक्तिहरुको समावेशी शिक्षामा प्रवर्द्धन परियोजनाका सिकाइ

प्रकाशक : राष्ट्रिय बहिरा महासंघ नेपाल (NDFN)

(श्रवणदृष्टि विहीन राष्ट्रिय स्रोत केन्द्र)

लाजिम्पाट, काठमाडौँ

फोन नं. : ०१-४४३५५१४

E-mail : admin@deafnepal.org.np

Website : www.deafneal.org.np

सर्वाधिकार : प्रकाशकमा

संस्करण : प्रथम, २०८० साउन

प्रति : १०० प्रति

सहकार्य : Nilumbo Stiftung (RUPPIN)

सेन्स इन्टरनेसनल,

सेन्स इन्टरनेसनल ईन्डिया

मुद्रक : ......................

सिकाइ उपलब्धी

**लेखन तथा सम्पादनः**

शंकर सिंह चैसिर

सुमन अधिकारी

सानु खिम्बाजा

दुर्गा दत्त जोशी

**सल्लाहकारः**

केपी अधिकारी

पुष्प राज रिमाल

ल्हाक्पा नुरु शेर्पा

## राष्ट्रिय बहिरा महासंघको भनाई

यस राष्ट्रिय बहिरा महांघ नेपालले सेन्स इन्टरनेस्नल सँगको सहकार्य र निलम्बो फाउण्डेसनको आर्थिक सहयोगमा सन २०२०को सेप्टेम्बर बाट २०२३ को मार्च सम्म "श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको समावेशी शिक्षामा प्रवर्द्धन" परियोजना संचालन गरेको थियो । उक्त परियोजनाले जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच स्थापित गरेको छ । पछि श्रवणदृष्टि विहीनता भएका युवाहरुको क्षमता विकास तथा स्व: वकालतका लागि दक्ष बनाउन पहल गरेको छ । यसै गरी यस परियोजना बाट श्रवणदृष्टि विहीनता भएका व्यक्तिका अभिभावकहरुको संजाल गठन भएको छ, अभिभावकहरुले आफ्ना बालबालिकाहरुको व्यवस्थापनको बारेमा जानकारी पाएका छन् । उनिहरुका अधिकारका बारेमा जानकारी पाएको र अधिकार प्राप्तिका लागि वकालत गर्न सक्ने भएका छन् । यस सफलताका लागि बहिरा महासंघले श्रवणदृष्टि विहीन अभिभावक समाज, श्रवणदृष्टि विहीन संघ नेपाल र नेत्रहिन संघसँग सहकार्य गरिरहेको छ । छोटो समयमा भएका उपलब्धीहरु दस्तावेजीकरण गरी सरोकारवालाहरु समक्ष पुर्याउन पाउँदा बहिरा महासंघ खुशी व्यक्त गर्दछ ।

अपाङ्गता आफैमा पछाडी परेको वा पारिएको वर्ग हो । हाल विकासका समग्र प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिताको सवाल उठ्दै आएको छ । कल्याणकारी अवधारणाबाट शुरु भएको अपाङ्गताको सवाल मेडिकल अवधारण, सामाजिक अवधारणा हुदै मानव अधिकारको अवधारणको रुपमा विकास भइसकेको छ । यसरी अपाङ्गता मानव अधिकारको अवधारणाको रुपमा विकास भएता पनि अपाङ्गता भित्र पनि पछाडी परेका वा पारिएका विशेष वर्गहरु जस्तै श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको हकमा भने हालसम्म उनीहरुको सहि पहिचान तथा आवश्यकताको पहिचान गरी सहायता प्रदान गर्ने सवाल निकै चुनौतिपुर्ण बन्दै आएको छ । श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुले आफनो पहिचान अनुरुप परिचयपत्र प्राप्त गर्न नसक्नु, स्पर्श सञ्चार लगायत सञ्चारका अन्य वैकल्पिक विधिहरुको

# सिकाइ उपलब्धी

विकास नहुनु र शिघ्र पहिचान र सेवाहरुमा पहुँच नपाउने अवस्थाका कारण अधिकांश श्रवणदृष्टि विहीन बालबालिका शिक्षा, सञ्चार, गमनशीलता, वैयक्तिक विकास लगायतका आधारभूत अधिकार समेतबाट वञ्चित रहनु परेको छ ।

श्रवणदृष्टि विहीनता सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता एकै व्यक्तिमा हुने अवस्था हो जसका कारण व्यक्तिको सञ्चार, गमनशीलता तथा शिक्षा प्राप्त गर्ने तरिका र आवश्यकता नितान्त पृथक हुनजान्छ । नेपाल सरकारले श्रवणदृष्टि विहीनतालाई एक पृथक वर्गका रुपमा परिभाषित गरी २०७८ को जनगणनामा समेत अपाङ्गता सम्बन्धी प्रश्नावलीमा समेटिनु सकारात्मक रहेको छ । तथापि श्रवणदृष्टि विहीनताको पहिचान गर्न सक्ने दक्ष जनशक्तिको कमीका कारण जनगणनामा समेत श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको सहि तथ्याङ्क आउन कठिन रहेको देखिन्छ । जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिका शिक्षाको पहुँचमा नरहेको अवस्थालाई मध्यनजर गर्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा स्थानिय निकायहरुले स्रोत कक्षा स्थापनाको कार्यलाई अगाडी बढाइरहेका छन् । यसरी स्रोत कक्षाहरुमा अध्यापन गराउन समेत श्रवणदृष्टि विहीनताको सहि पहिचान र सो पश्चात सञ्चार, गमनशीलता तथा शिक्षा प्रदान गर्नका लागि सक्षम जनशक्तिको आवश्यकता रहन्छ । हाल सम्मका उपलब्धिहरु प्राप्त गर्न यसमा संलग्न सबैको प्रयास र प्राप्त उपलब्धीहरु यस पुस्तिका बाट अध्ययन गर्न सकिने छ र अन्य नयाँ ठाँउका सरोकारवालाका लागि यो पुस्तिकाले मार्गदर्शन प्रदान गर्ने विश्वास महासंघले लिएको छ ।

यो “सिकाइ उपलब्धी” पुस्तिका सेन्स इन्टरनेश्नल मार्फत (Nilumbo Stifung (Ruppin) को अर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तक निर्माणमा निरन्तर लाग्नु भएका महासंघ अन्तर्गत श्रवणदृष्टि विहीन स्रोत केन्द्रका कर्मचारीहरु लगायत पुस्तिका लेआउट, डिजाइन तथा सम्पादनमा सहयोग गर्नुहुने महासघं लगायत साझेदार

संस्थाका सम्पुर्ण कर्मचारीहरुलाई पनि महासंघ परिवार धन्यवाद व्यक्त गर्न चाहन्छ ।

अन्तमा, नेपालमा श्रवणदृष्टि विहीनताका सवालमा भएका उपलब्धीहरुको संगालो यस सिकाइ उपलब्धी पुस्तिका सम्बन्धित सबै सरोकारवालाहरु समक्ष पुर्याउन हार्दिक अनुरोध गर्दछ । श्रवणदृष्टि विहीनताको समग्र विकासका लागि आगामी दिनमा पनि यहाँहरुको अमूल्य सुझाव र सहयोगको महासंघ परिवार सदैव स्वागत गर्दछ ।

के.पी. अधिकारी

अध्यक्ष

# बिषयसुची

राष्ट्रिय बहिरा महासंघको भनाई ..... 4

श्रवणदृष्टि विहीनताको इतिहाँस र वर्तमान सम्मको यात्रा : ..... 8

"यस्तो बाबुलाई स्कुल?..." ..... 12

मैले पाएको दोस्रो जन्म ..... 16

आफ्नो पहिचान पाएँ ..... 20

थेरापिले फेरिएको जीवनशैली ..... 23

"टुकु" पनि स्कुल जान्छिन? के पढ्छिन "टुकु"ले?" ..... 25

टुकुले पढ्ने विद्यालयमा के पढाइन्छ त? ..... 26

श्रवणदृष्टि विहीनताले अनुभुति गराएको नयाँ संसार ..... 28

अकल्पनीय सफलताका पात्रहरु ..... 30

सचेतनाका लागि गमलशिलता अभ्यास निकै प्रभावकारीः ..... 35

गुणस्तरीय जीवनका लागि सहकार्य ..... 37

अचेल त आफ्नै परिवार जस्तै लाग्छ... ..... 42

जीवन संघर्षमय हुनुपर्छ ..... 46

साहासिक पदयात्रामा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु ..... 49

यस पुस्तकबाट पाठकले के सिक्न सक्छन्? ..... 59

## श्रवणदृष्टि विहीनताको इतिहाँस र वर्तमान सम्मको यात्रा :

श्रवणदृष्टि विहीनताको इतिहाँस नेपालमा धेरै लामो नभए पनि करिब सन २००० को दशक बाट औपचारिक अनौपचारिक तरिकाले यस क्षेत्रमा कामको सुरुवात भएको पाइन्छ । सन २००५ मा बहिरा दृष्टि विहीन अभिभावक समाजको स्थापना सँगै केही परियोजना श्रवणदृष्टि विहीनताका क्षेत्रमा सञ्चालनमा आएका थिए तर ति परियोजना लामो समय सम्म भने चलेनन् । त्यस पछि श्रवणदृष्टि  विहीनताका क्षेत्रमा न त राज्य बाट न संघसंस्थाहरुले नै काम गर्न सके । श्रवणदृष्टि विहीन संघ नेपालको स्थापना पश्चात स्पर्ष सञ्चार र ह्याप्टिक सङ्केतको निर्माणमा केही काम भएको थियो ।

सन २०१७ मा राष्ट्रिय बहिरा महासंघले सेन्स इण्टरनेसनल सँगको सहकार्यमा श्रवणदृष्टि विहीनता भएका व्यक्तिको स्वस्थ्य जीवन परियोजनाको सुरुवात गरेपछि नेपालमा श्रवणदृष्टि विहीनताको अभियान अगाडि बढेको हो । राष्ट्रिय बहिरा महासंघ नेपालको नेतृत्वमा नेपाल नेत्रहिन संघ, बहिरा दृष्टि विहीन अभिभावक समाज र श्रवणदृष्टि विहीन संघ नेपालको सहकार्यमा ४ वटा जिल्लामा पाइलट प्रोजेक्टका रुपमा सुरु गरिएको परियोजना सन २०२३ को मध्य सम्म सञ्चालन गरिएको थियो । यसै गरी सेन्स इन्टरनेसनलकै सहकार्यमा सन २०२० मा श्रवणदृष्टि विहीनता भएका बालबालिकाको समावेशि शिक्षामा प्रवद्र्धन परियोजना सञ्चालन भएपछि श्रवणदृष्टि विहीनताको अभियानले शिक्षा क्षेत्रमा अझै थप उचाई हासिल गरेको हो ।

यस परियोजनाले खास गरी नितगत तहमा सुधार गर्न योगदान पुर्याएको छ भने, भएका नितीहरु कार्यान्वयमा पनि सहयोग पुगेको छ । जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिका विद्यालय भर्ना हुन बाटै बन्चित छन् । श्रवणदृष्टि विहीनता भएका बालबालिकाको गाम्भिर्यतालाई हेरेरै विद्यालयहरु उनिहरुलाई विद्यालयमा भर्ना गर्न चाहादैनन्, न त श्रवणदृष्टि विहीनता भएका बालबालिकाका लागि अलगै स्रोत कक्षाको व्यवस्था थियो ।

सिकाइ उपलब्धी

यस परियोजनाको मुख्य उद्‌देश्य नै स्रोत कक्षाको स्थापना तथा बालबालिकाको विद्‌यालय सम्मको पहुँचलाई सुनिश्चित गर्नु थियो । जसका लागि स्थानीय सरकार, विद्‌यालय र शिक्षा मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र सँग लामो समय छलफल, समन्वय र पैरवि गरिएको थियो । त्यसको फलस्वरुप पहिलो पटक ३ वटा



सामुदायिक विद्‌यालयमा श्रवणदृष्टि विहीनता भएका बालबालिकाका लागि स्रोत कक्षा स्थापना हुन सकेको छ । पहिलो पटक सामुदायिक विद्‌यालयका स्रोत कक्षामा श्रवणदृष्टि विहीनता भएका बालबालिकालाई भर्ना गर्न पाउदा यस क्षेत्र सँग सम्बन्धीत सबैमा खुशि छाएको थियो । सबै भन्दा बढि खुशि त ती अभिभावकहरु थिए, जसले कल्पना समेत नगरेको अवसर पाएका थिए । यस सफलताको श्रेय सेन्स इन्टरनेसनल, सहयोगी हातहरु, शिक्षा तथा मानवस्रोतविकास केन्द्र, स्थानीय सरकार र शान्ती नमुना माध्यमिक विद्‌यालय रुपन्देहीले पाउछन्। जुन स्रोत केन्द्र नेपालकै इतिहाँसमा सामुदायिक विद्‌यालयमा श्रवणदृष्टि विहीनता भएका बालबालिकाका लागि पहिलो औपचारिक स्रोत केन्द्र हो । यस्तै दोस्रो स्रोत केन्द्र मोरङ जिल्लाको बिराटनगर स्थित आदर्श माध्यमिक विद्‌यलायमा स्थापना भएको छ । बिराटनगर महानगरपालिका,



विद्यालय र बहिरा महासंघको साझा प्रयास बाट उक्त विद्यालयमा स्रोत कक्षा सञ्चालनमा आएको हो । यस्तै लामो समय सम्मको छलफल पछि काठमाण्डौ जिल्लामा काठमाण्डौ महानगरपालिका, बहिरा दृष्टि विहीन अभिभावक संघ तथा बालापिठ प्राथमिक विद्यालयको सहकार्यमा तेस्रो स्रोत कक्षा स्थापना भएको छ ।

यो अभियान यतिमा मात्रै सिमित थिएन । बालबालिका विद्यालयमा भर्ना भएपछि उनिहरुले पनि अन्य अपाङ्गता भएका बालबालिका सरह छात्रवृत्ति पाउनु पर्छ भन्ने वकालतको सुरु भयोे, करिब १ वर्ष सम्मका पटक पटक गरिएका बैठक, छलफलको परिणाम स्वरुप शिक्षा तथा मानवस्रोत विकास केन्द्र बाट रातो परिचय पत्र भएका श्रवणदृष्टि विहीन बालबालिकाहरुका लागि आवासिय सो सरह १० महिनाको ४० हजार रुपैयाँ (कार्यान्वयन पुस्तिका २०७८) छात्रवृत्ति पाउने निर्णय भयो, जुन अर्को ठुलो उपलब्धि रहेको छ । परियोजनाले सुरुवात गरेका स्रोत केन्द्रहरुमा कार्यरत शिक्षक तथा हेरचाहकर्ताको सेवा सुविधा पनि परियोजना बाटै व्यवस्था गरिएको थियो । परियोजना सिमित समयका लागि हुने भएका कारण परियोजना पश्चात कसरी संचालन गर्ने भन्ने सबैलाइ चिन्ताको विषय थियो । यसका लागि पनि महासंघ र अभिभावक समाजले निरन्तर पैरवि गरेको थियो, जसको फलस्वरुप वि.सं. २०७९/२०८० को बजेटमा ४ वटा स्रोतकक्षाको व्यवस्थापन खर्च र हेरचाहकर्ताको तलब व्यवस्था नेपाल सरकारले गरेको छ । यो अर्को ठुलो उपलब्धि रहेको छ । दुइ वर्षको समय अवधि त्यति धेरै लामो समय पनि होइन तर श्रवणदृष्टि विहीनता भएका व्यक्तिको शिक्षाका क्षेत्रमा भएको यो उपलिब्धलाई महत्वपुर्ण रुपमा लिन सकिन्छ ।

माथि उल्लेखित नीतिगत तहमा भएका उपलब्धि बाहेक कृयाकलाप कार्यान्वयन तहमा पनि श्रवणदृष्टि विहीनताका क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएका छन् ।

श्रवणदृष्टि विहीनताका बारेमा स्थानीय तहका जनप्रतिनिधी, विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरु, स्वास्थ्यकर्मि र शिक्षकहरुलाई श्रवणदृष्टि विहीनता सम्बन्धी अभिमुखिकरण, अभिभावकहरुलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिएको छ

सिकाइ उपलब्धी

। श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको जीवनमा प्रत्यक्ष सरोकार राख्ने उनीहरुकै अभिभाक हुने भएकाले अभिभावकरुलाई विशेष तालिम प्रदान गरि २ वटा जिल्ला रुपन्देही र मोरङमा अभिभावकहरुको संस्था स्थापना गरिएको छ । अभिभावकहरुलाई आफै वकालत गर्न सक्ने, आफ्ना बालबालिकाका अधिकारका बारेमा आफै आवाज उठाउन सक्ने गरी क्षमता विकास भएको छ ।

यि मुख्य उपलब्धिहरु सामान्य प्रयास बाट सफल भएका पक्कै होइनन् त्यसका पछाडी सबै सरोकारवालाहरुको निकै ठुलो योगदान रहेको छ । यि उपलब्धी अब केवल ४ वटा जिल्लामा सिमित राख्नु हुँदैन । अन्य ठाँउका श्रवणदृष्टि विहीनता भएका बालबालिकाले पनि यस्तै सेवा सुविधा पाउनु पर्छ र यहाँको उदाहरणीय कार्य सबैले सिक्न सकुन भन्ने उद्देश्यले यो पुस्तक तयार गरिएको हो ।

## "यस्तो बाबुलाई स्कुल?..."

यो परियोजना सुरू हुनु भन्दा पहिला मलाई न त अपाङ्गताको बारेमा जानकारी थियो, न उनिहरूका सेवा सुविधाका बारेमा नै । मैले मेरो छोरा जस्तो अन्य बालबालिका कहि कतै देखेकि थिइन । बाबुको उपचारका लागि थाहा पाए सम्मका अस्पतालहरू धाए, धार्मिक आस्था अनुसार कति ठाउँमा धामी झाँक्रिलाई देखाए । अस्पतालमा जाँच गराउदा सुरूमा त आँखा मात्रै देख्दैन भन्थे डाक्टरले । बाबुको उमेर बढ्दै गए पछि उसले हामीले बोलाएको पनि वास्ता गर्दैनथ्यो, हामीलाई चिन्ता पर्न थाल्यो, कतै बाबुले कान पनि त नसुन्ने हो कि भनेर । फेरी कानको जाँच गराउन हिन्यै, धेरै ठाँउमा जाँच गरे पछि थाहा पायौ कि उसले कान पनि सुन्दैन रहेछ । हामी धेरै समय त मानसिक तनाबमा पर्यौं । हामी माथि दैवले किन यस्तो बज्रपात गर्यो भन्ने लाग्यो, धेरै रोयौं करायौं हामी । तर समयले जता लान्छ हामी त्यहि



लयमा जान पर्ने रहेछ ।

त्यो बेला हामीलाइ हौसला दिने पनि कोही थिएन । अपाङ्गता के हो हामीलाइ केही थाहा थिएन । बाबुलाइ के गर्ने, कसरी सिकाउने, केही जानकारि थिएन । समय वित्दै गयो, बाबुको उमेर पनि बढ्दै गयो । ऊ सँगैका नानीबाबुहरू स्कुल जान्थे, हामी भने उनीहरूलाई देखेर रून मात्रै सक्दथ्यो । हामीले बाबुलाई सानोमा रेखदेख राम्रै सँग गर्यौं । कहिले काही बाबुलाई एक्लै छोडेर बाहिर हिन्न पर्थ्यो, एक छिन छोड्दा पनि पिर लाग्थ्यो । बाबु एकै ठाँउमा सुति रहन्थे । दिशा पिसाब लागेको

केही भन्न सक्दैनथे, खाना चपाउन पनि सक्दैनथे । खानेकुरा झोलिलो कुरा मात्रै खुवाउथ्यौ ।

एक दिन दुइजना सर मिस हाम्रो घरमा अउनु भयो, बाबुको बारेमा सोधखोज गर्नु भयो, अपाङ्गताको बारेमा धैरै कुरा गर्नु भयो । बाबुको अपाङ्गताको बारेमा थाहा पाउन जाँच गर्नु पर्ने भन्ने कुरा गर्नु भयो, अपाङ्गता परिचयपत्रको कुरा गर्नु भयो । अनि हामी त्यही अनुसार जाँचगर्न गयौं । त्यस पछि बाबुको अपाङ्गताको पहिचान भयो । उहँहरूकै सहयोगमा हामी नगरपालिकामा गएर बाबुको परिचयपत्र बनाउन सफल भयौ । परियोजनाको सर मेडमहरुले साप्ताहिक रुपमा घरमै आएर बाबुलाई दैनिक जीवनमा प्रयोगहुने सिपहरु सिकाउन थाल्नुभयो । करिब एक वर्षजति यसरी नै बाबुले घरबाट सेवा पाए ।

“बाबुलाई स्कुल राख्ने इच्छा छ कि छैन भनेर सोध्नु भयो । यस्तो बाबुलाई स्कुल? यो असम्भव कुरा नगर्नुस् न सर भने मैले । मलाइ अझै सम्झना छ, सर म्यामहरूले यस्तो बालबालिका पनि पढ्न सक्छन, उनिहरूलाई विभिन्न तरिकाले पढाउन सकिन्छ, दैनिक जीवनका कृयाकलापका बारेमा सिकाउन सकिन्छ भन्नु भएको।”

केही समय पछि काठमाण्डौ र बुटवलबाट सर म्यामहरू आउनु भयो, हामी सँग धेरै कुरा पनि भयो अनि बाबुलाई स्कुल राख्ने इच्छा छ कि छैन भनेर सोध्नु भयो । यस्तो बाबुलाई स्कुल? यो असम्भव कुरा नगर्नुस् न सर भने मैले । मलाइ अझै सम्झना छ, सर म्यामहरूले यस्तो बालबालिका पनि पढ्न सक्छन, उनिहरूलाई विभिन्न तरिकाले पढाउन सकिन्छ, दैनिक जीवनका कृयाकलापका बारेमा सिकाउन सकिन्छ भन्नु भएको, तर हामीलाइ विश्वास नै लागेन । उहाँहरूले अब चाँडै स्कुल खुल्दै छ, स्कुलमा ल्याउनस् है भन्नु भयो । हामीलाई पनि निकै खुसी लाग्यो, हाम्रो बाबु पनि स्कुल जान पाउने भयो भनेर हामी विभिन्न सपना बुन्न थाल्यौ ।

## सिकाइ उपलब्धी

पहिला हाम्रो छोरा मात्रै यस्तो होला भन्ने सोच्थ्यौ हामी, पछि थाहा भयो हामी जस्ता धेरै अभिभावकहरू हुनुहुदोरहेछन् । सर म्यामहरूले हामी सबैलाई जम्मा गरेर हाम्रा नानी बाबुहरूका बारेमा बताउनु भयो । तपाईको नानी बाबु श्रवणदृष्टि विहीन अपाङ्गता भएका वालबालिका हुन । उनिहरूका आवश्यकता, सिकाउने तरिका,



उनिहरूका अधिकार, राज्यबाट पाउनु पर्ने सेवा सुविधाका बारेमा धेरै पटक तालिममा सहभागि गराउनु भयो र हामीले धेरै सिक्ने अवसर पायौ ।

कोरोना माहामारिको पहिलो चरण सकिए पछि पहिलो पटक बाबुलाई विद्यालयमा भर्ना गर्न पाउदा त हामीमा खुशीको सिमा नै थिएन । शान्ती नमुनामा खोलिकएको स्रोत कक्षामा बाबु पहिलो विद्यार्थि हुन भर्ना भएका । घर परिवार भन्दा बाहिरका मानिसहरू सँग बाबुको घुलमिल हुने बानी थिएन, बिरानो मानिस भेट्दा बाबुले चिमोट्ने गर्थे ।  हामीलाई डर पनि थियो बाबु अरू सँग बस्न मान्दैन, खाना खादैन कसरी



स्कुल जाला भनेर । स्कुलमा धेरै खेल्नेकुराहरू थिए, अनि बाबु जस्तै अन्य बालबालिका पनि ।

बाबुले छोटो समयमै त्यहाँ घुलमिल हुन सके । स्कुल जाने भने पछि निकै खुसी पनि हुन्छन् अचेल त । स्कुलमा थेरापी पनि गरिन्छ, जसले गर्दा अचेल बाबु अफै उभिन सक्ने, २/४ पाइला हिन्न सक्ने भएका छन । समात्ने ठाँउ पाए त भर्याङ तथा बाटोमा आफै हिन्न सक्दछन् । अचेल त हामीलाई कति धेरै खुशी लाग्छ, अब विस्तारै बाबुले पढ्न पनि सक्छन भन्ने विश्वास लागेको छ । दिसा पिसाब लागेको, पानी तिर्खा लागेको सङ्केत गर्छन, कानमै माबाइल राखेर गीत सुन्न मन पराउछन् र गुनगुनाउछन् । स्कुल जान थाले पछि त बाबुमा धेरै परिवर्तन अएको छ । सरकारले बाबुलाई सामाजिक सुरक्षा भत्ता दिएको छ, अनि विद्यालयमा छात्रवृत्ति पनि पाउछ, त्यसले गर्दा हामीलाई धेरै सजिलो भएको छ । हिजो हामीलाई अन्धकार लाग्ने जीवन आज त एकदमै उल्लासमय लाग्छ । हामी अचेल अरूलाई पनि सिकाउने भएका छौ । यस्ता बालबालिकालाई घरमै राख्न हुदैन, स्कुलमा लान पर्छ, थेरापी गराउनु पर्छ अनि सरकार सँग पनि उनिहरूको अधिकारका लागि वकालत गर्नु पर्छ भन्छौ । हामीलाइ यति धेरै जान्ने बुझ्ने बनाउनु भएकोमा यसमा काम गर्ने सम्पुर्ण सर म्याडमहरूलाई र सहयोग गर्ने सबैलाई हृदय बाटै धेरै धन्यवाद दिन चाहान्छौ ।

“प्रशान्तका अभिभावकहरुसँगको कुराकानीका आधारमा तयार पारिएको”

## मैले पाएको दोस्रो जन्म

एक समय मानसिक तनाव भोग्दै गरेका दिपक अचेल भने निकै खुसी छन् । उनि अचेल निकै परिपक्व पनि बनेकाछन् । करिब आठ-नौ वर्षको उमेर सम्म उनि बहिरा बालबालिका सँगै भैरहवाको एक विद्यालयमा अध्ययनरत थिए दिपक । उनको दैनिकी राम्रै चलिरहेको थियो । अचानक उनको आँखामा समस्या बढ्दै गए पछि परिवार नै निकै अस्त ब्यस्त बन्यो । करिब ४ बर्ष जति उनको उपचारका लागि सक्ने जति ठाँउ सम्म लगेर उपचारको प्रयास गरियो । आफु सँग भएको सम्पति पनि सकाए दिपकको परिवारले तर उनको अँखा भने निको हुन सकेन । सबै प्रयास असफल भए पछि उनि निरास बनेर घरमै बस्न थाले । दिपकलाई उक्त पिडा सहन निकै गाह्रो भयो । कयौ पटक दिपकले मृत्यु रोज्ने प्रयास गरे तर अभिभावकहरूको सतर्कताका कारण त्यो सफल भएन । अधिकांस समय बन्दकोठामा बस्ने दिपकका लागि यो परियोजना जीवन जिउने साथी सावित भएको छ ।

परियोजनाको सम्पर्कमा आएपछि दिपकलाई सुरूमै गमनशिलताका विषयमा तालिम दिइएको थियो । जसले गर्दा उनलाई घरमै तथा घरबाहिरको वातावरणमा गमनशिलतामा सहजता भयो । परियोजना बाट स्रोत कक्षा स्थापना भए पछि दिपक पनि विद्यालयमा भर्ना भए । विद्यालयमा भर्ना हुँदा दिपक करिब १५ वर्ष पुगिसकेका थिए । धेरै समय घरमै बसेको र सङ्केतमा कुराकानी नभएका कारण दिपकले सङ्केत पनि विर्सिसकेका थिए। उनि निकै आक्रामक जस्ता देखिन्थे । सङ्केत गरेपछि उनले



अरूको कुरा सुन्न भन्दा पनि आफ्नै कुरा राख्ने कोशिस गर्थे । स्रोत कक्षामा अउन थाले पछि उनले साङ्केतिक भाषाको पुनरावृत्ति गरे। पटक पटक श्रवणदृष्टि विहीन युवाहरूका कार्यक्रमहरूमा सहभागी भए । उनले स्पर्ष सङ्केतका माध्यमबाट पनि सञ्चार गर्न सिके। दिपकले सानो उमेरमा साङ्केतिक भाषा सिकेका कारण अहिले दिपकले साङ्केतिक भाषालाई सजिलै पुनर्ताजगी गर्न सकेका हुन् । स्रोत कक्षा शिक्षकलाई पनि साङ्केतिक भाषाको अधारभुत ज्ञान भएका कारण दिपकलाई स्कुलमा सञ्चार गर्न सजिलो हुन्छ ।

दिपकलाई पढ्न निकै नै रूचि छ । स्रोत कक्षामा बस्दै उनले ब्रेल लिपि पनि सिकेकाछन्। ब्रेलमा भएका पुस्तकहरू पढ्न सक्ने भएका छन दिपक । अब उनको इच्छा छ कि फेरी नियमित कक्षामा सहभागी हुने । यदि उनका लागि साङ्केतिक भाषाको सहयोगि शिक्षक पाउने हो भने दिपक नियमित कक्षामा गएर पढ्न सक्ने भएका छन्। स्रोतकक्षा मै बसेर उनले कक्षा ५, कक्षा ६ का पुस्तकहरू ब्रेलबाट पढ्न



थालेका छन्। अरूको कुरा सुन्ने, विचार गरेर जवाफ फर्काउने गरेका छन् । नयाँ



शब्दावली भेटिए त्यसको अर्थ खोज्ने प्रयास गर्छन् । उनलाई विभिन्न ठाँउमा घुम्न निकै मन पर्छ । उनि धार्मिक रूपमा पनि निकै अस्थावान छन् । भगवान शिव प्रति दिपकको एकदमै धेरै अस्था छ । उनि माछा मासु खान मन गर्दैनन् । शुद्ध साकाहारी खाना खाने, अफ्ना दैनिक जीवनका कार्य आफै गर्ने र अधिकतम समय पढ्न लेख्न मन पराउने दिपक प्रविधि सँग पनि नजिक हुन चाहान्छन् । उनलाई कम्प्युटर चलाउन र ब्रेल डिभाइस चलाउन एकदमै इच्छा छ । उनको इच्छा देखेर विद्यालयले उनका लागि ब्रेल डिभाइस खरिद गरि उनलाई सिकाउने प्रयास गरेको छ । यसै गरी दिपकलाई स्थानीय सरकारले ल्यापटप प्रदान गरेको छ । स्रोत कक्षा दिपकको घरभन्दा केही टाढा भए पनि उनि हप्तामा ३/४ दिन विद्यालयमा अउछन् । उनको अबको चाहाना भनेको कक्षा ७/८ मा नियमित कक्षामा जाने र परिक्षामा सहभागि हुने रहेको छ । विद्यालय आउन जान विद्यालयकै बस प्रयोग गर्छन् । अभिभावकले बस सम्म ल्याउने पुर्याउने गर्दछन् अनि बसमा अन्य सुन्ने साथि बनाएर दिपक उनीहरुसँगै विद्यालय आउने जाने गर्दछन् । उनका साथिले दिपकलाई कक्षा कोठा सम्मै ल्याउने पुर्याउने गर्दछन् जसबाट दिपको सामाजिकीकरण सिपमा पनि विकास भएको छ ।

दिपक यस्ता होनहार युवा हुन, जसले अवसर पायो भने जस्तो सुकै चुनैतिको पनि सामना गरेर सिकाइलाई प्राथमिकता दिन चाहान्छन् । परियोजनाले अयोजना गरेको युवा क्याम्पमा दिपक २ पटक सहभागि भए । ३ दिनको पदयात्रामा पनि दिपक सहभागी भएका थिए । उनि सधै अग्रस्थानमा रहेर यात्रा गर्दथे । नयाँ ठाँउमा हरेक



सिकाइ उपलब्धी

नयाँ विषयका बारेमा जान्न इच्छा राख्ने, नयाँ साथिहरू सँग सम्बन्ध बनाउन दिपक निकै खुशि हुन्छन् । दिपकको स्मरण शक्ति पनि निकै तिक्ष्ण छ, एक पटक भेट भएका व्यक्ति वा एक चोटि गएको ठाँउ उनले लामो समय पछि पनि सम्झिन सक्दछन् ।

हरेस खाइसकेका अभिभावक पनि दिपकमा देखिएको परिवर्तन देखेर निकै खुसी छन् । दिपकले अवसर पाइरख्ने हो भने हेलन केलरको पथमा जानसक्ने क्षमता रहेको अँकलन गर्न सकिन्छ । दिपकलाई नियमित पढाइका लागि सहयोगी शिक्षक वा



साङ्केतिक भाषा दोभाषेको आवश्यकता रहेको छ । यो व्यवस्थान गर्न सकिएमा दिपक अन्य बालबालिका सरह नियमति कक्षामा गएर पढ्न सक्दछन् । नेपाल सरकारले समावेशि शिक्षाको अवधारणा अगाडि बढाइरहेको सन्दर्भमा उनि मैत्रि कक्षा कोठा र शिक्षण सिकाइको आवश्यकता महसुस गरिएको छ ।

## आफ्नो पहिचान पाएँ

म कहिले देखि कान सुन्न कम भयो त्यति जानकारी छैन । विस्तारै विस्तारै कान सुन्न कम भएका कारण मैले थाहै नपाइ मेरो यो अवस्था भएको हो । विस्तारै विस्तारै आँखा पनि देख्न कम हुदै गएको रहेछ त्यो पनि धेरै पछाडी थाहा भयो ।



म ७५ डिबि भन्दा माथिको अवाज मात्रै सुन्छु भने नजिक सिधा अगाडिको मात्रै देख्न सक्छु । मैले नसुनि नसुनि र पढ्न कठिनाइ हुदा पनि स्नातक सम्मको पढाइ सकाएको छु । मलाई साङ्केतकि भाषा, ब्रेललिपिका बारेमा जानकारी थिएन । सुन्ने साथिभाइहरू संगै पढाइ पुरा गरेकी हु । स्नातक सकाए पछि साथिहरू सँगै म पनि



धेरै ठाँउमा रोजगारीका लागि गए । कति ठाँउमा तिमी सुन्न सक्दैनौ भनेरै मलाई काम गर्ने अवसर दिइएन । कति ठाँउमा मलाई मेरो क्षमता भन्दा पनि मेरा अवरोधहरू देखाएर पारिश्रमिकमा विभेद गरिन्थ्यो । त्यति बेला सम्म पनि मलाई अपाङ्गताका बारेमा जानकारी थिएन । अपाङ्गता भएका व्यक्तिका अधिकारका बारेमा सुनेको पनि थिइन ।

मेरा साथिहरूले एक पटक मलाइ सुस्त श्रवण संस्थामा पुर्याए, त्यहाँ मैले अपाङगताका बारेमा थोरै जानकारी पाए । यस्तैमा साथिहरूकै सम्पर्क बाट मैले श्रवणदृष्टि विहीन युवाहरूको जिल्ला स्तरीय कार्यशालामा सहभागी हुने मैका पाए । त्यहाँ मैले म जस्तै धेरै साथीहरू भेटे । म भन्दा पनि कठिनाई भएका साथिहरू भेटे, उनिहरू साङ्केतिक



भाषाका माध्यमबाट कुरा गर्थे । तर मलाइ साङ्केतिक भाषा अउदैनथ्यो । म प्राय बोल्ने मानिसको ओठको चालबाट कुरा बुझ्ने कोशिस गर्छु । म त्यो कार्यक्रममा यति धेरै खुशि थिए कि बयान गर्नै सक्दिन । त्यो दिन हामी साथिहरू रातै भरि कुरा गरेर बस्यौ।

त्यस पछि रूपिन्स परियोजनाले हामीलाई पटक पटक विभिन्न तालिममा सहभागि गरायो । हामी युवाहरूको समुह पनि गठन गरेको थियो । हामी उक्त समुहका साथिहरू हप्तामा एक पटक बैठक गर्ने र एक अर्कालाइ साङ्केतिक भाषा सिकाउन

थाल्यौ । विभिन्न स्व-वकालतका तालिमहरूमा पनि सहभागि हुने अवसर पाए । अपाङ्गताका प्रकार, अपाङ्गता भएका व्यक्तिका अधिकारका बारेमा पनि जान्ने अवसर पाए ।

सुरू सुरूमा मलाई घरबाट एक्लै बाहिर जान पनि दिदैनथे । किनकि मैले राम्रो सँग सुन्न र देख्न सक्दैनथे । केही दुर्घटना पो घट्छ कि भन्ने आमालाइ पिर लाग्थ्यो । तर विस्तारै म यस्ता कार्यक्रममा जान थाले र अमालाई पनि अभिभावकको तालिमा सहभागि गराए पछि मलाई घरबाट पनि स्वतन्त्र रूपमा हिन्न अनुमति दिनु भएको छ । म युवाहरूको क्षेत्रीय पदयात्रामा पनि सहभागि भएको थिए । त्यहाँ भारतका पनि श्रवणदृष्टि विहीन साथीहरू आउनु भएको थियो । मैले उनिहरूबाट पनि धेरै सिक्ने अवसर पाए । पहिलो पटक म ३ दिनको पद यात्रामा भाग लिएको थिए । फरक सँस्कृति तथा हिमाली भुबनौटका बारेमा बुझ्न पाए । नजिक बाट हिमालको अनुभुति गर्न पाए । फरक परिवेशमा गमनशिलताका बारेमा बुझ्न र व्यवहारिक प्रयोग गर्न पाए ।

हामी साथि साथि भएर साप्ताहिक रूपमा स्रोत कक्षामा जम्मा भएर हामी साङ्केतिक भाषा सिक्छौ । अहिले त म साङ्केतिक भाषामा कुरा गर्न सक्ने भएकी छु । ब्रेल पनि सिकेकी छु । स्पर्ष सञ्चार पनि गर्न सक्छु । यो दुइ वर्षमा यस परियोजनाबाट संचालित कृयाकलाबाट धेरै सिकेको छु । अझै मलाइ कम्प्युटरमा धेरै सिक्ने इच्छा छ । आफु दक्ष भएर यहि क्षेत्रमा सेवा गर्ने इच्छा रहेको छ ।

## थेरापिले फेरिएको जीवनशैली

मनिषालाई स्कुलजान औधि मन पर्छ । घरमा बस्न भन्दा स्कुलमा बढी रमाउछिन उनि । बिराटनगरको आदर्श विद्‌यालयमा श्रवणदृष्टि विहीन स्रोत कक्षा सुरू भए देखि मनिषा स्रोत कक्षामा प्राय नियमित अउदछिन् । यातायातको केही समस्या भए पनि अभिभावकहरूले जसोतसो उनलाई विद्‌यालयमा ल्याउने लाने गर्नु भएको छ । रुपिन्स परियोजना भन्दा अगाडी सेन्सइन्टर नेसनलकै सहयोगमा अर्को परियोजना पनि सञ्चालन भएको थियो । त्यतिबेला मनिषाको पहिचान भएको थियो । सेन्स इन्टरनेसल बाट श्रवणदृष्टि विहीनता सम्बन्धी परियोजना संचालन भएपछि मनिषाले यस परियोजनाबाट सेवा पाउन थालेकी हुन । उनको चिकित्सकिय परिक्षण पछि श्रवणदृष्टि विहीन भएको पुष्टि भएपछि उनको परियचयपत्र श्रवणदृष्टि विहीनताको बनाएको थियो । त्यसपछि उनले सामाजिक सुरक्षा भत्ता पनि पाउन थालिन ।

सुरूवाति चरणमा परियोजनाले दिवा सेवा केन्द्र संचालन गरेको थियो जहाँ साप्ताहिक २ पटक थेरापी सेवा प्रदान गरिन्थ्यो । मनिषालाई पनि थेरेपी सेवा प्रदान गरिएको थियो। थेरापीले उनको मांसपेसीहरूमा निकै सुधार भयो । उनि अफै बस्ने सक्ने, उठ्न सक्ने सम्म भइन् । उनि नयाँ कुरा सिक्न निकै रूचि राख्छिन् । दिवा सेवाकेन्द्रमा



विभिन्न सिकाईका सामग्रीहरू पनि राखिएका थिए, त्यस्ता सामग्री पनि उनलाई खुबै मन पर्छन्।

दुई वर्षको अवधिमा मनिषामा निकै परिवर्तन देखिएको छ । घर परिवारले आसा मारिसकेकी मनिषामा सोच्दै नसोचेको परिवर्तन भएको हो । मनिषा आफै उठेर हिन्ने, शैचालय जान सक्ने, खाना आफै खान सक्ने, आफ्ना अवश्यकताका बारेमा भन्न सक्ने भएकि छिन् । मनिषाका बुवाले पटक पटक भन्ने गर्छन् कि हामी त उसले पुर्व जन्ममा कुनै पाप गरेकि थिइन होला अनि यस्तो भयो भन्ने लाग्थ्यो, किनकि आँखा पनि नदेख्ने, कान पनि नसुन्ने अरु कोही बालबालिका उनिहरुले देखेका नै थिएनन । तर जब मनिषाले सिक्न थालिन, ऊ जस्तै अन्य बालबालिका पनि देख्नु भयो त्यस पछि परिवारका सदस्यहरुलाई पनि यो पनि एक अपाङ्गता नै रहेछ भन्ने विश्वास लाग्यो र मनिषाको सिकाइका लागि थप मेहनत गर्न थालेका हुन् ।

स्रोत कक्षाको सुरूवात पछि उनलाइ स्कुल जाने बानि नै परेको छ । शिक्षकका अनुसार मनिषा सधै नयाँ नयाँ कुरा सिक्न इच्छा गर्छिन, अहिले त ब्रेल पनि सिक्न थालेकि छन् । निरन्तर थेरापी र सिकाई अभ्यासले मनिषामा यस्तो सिकाइ सम्भव भएको हो ।

मनिषामा आएको यो परिवर्तन बाट शिक्षकका साथै अभिभावक पनि उति नै खुशि छन् । मनिषा जस्तै अन्य बालबालिकालाई दैनिक विद्यालय आउन यातायतको साधनको समस्या छ, यो कुरालाई मध्यनजर गरेर बिराटनगर महानगर पालिकाको पहलमा आदर्श विद्यालयले अपाङ्गता मैत्रि बस संचालमा ल्याउने तयारी गरेको छ । शैक्षिक सत्र २०८०/८१ बाट बस संचालन गर्ने विद्यालय प्रशासनले जानकारी गरेको छ ।

## "टुकु" पनि स्कुल जान्छिन? के पढ्छिन "टुकु"ले?"

हाम्रा बालबालिका कुन अपाङ्गता भित्र पर्दछन वा अपाङ्गता भनेको नै थाहा थिएन । हामी त अस्पताल धाउने, निको हुन्छ कि भन्ने सोच मै थियौ । हाम्रा नानि बाबु यो परियोजना बाट सेवा पाउन थाले पछि अभिभावकहरुलाई पनि विभिन्न तालिममा सहभागि हुने अवसर मिलेको थियो । सुरुवातमा अभिभावकहरुलाई जम्मा गर्न निकै गाह्रो हुन्थ्यो। अब २४सै घण्टा सुतिराख्ने बालबालिकाले के नै गर्न सक्ने हुन र भन्ने कुरा हुन्थ्यो। तालिममा अपांगताका बारेमा जानकारी भएपछि बल्ल हाम्रा नानि बाबु त श्रवणदृष्टि विहीन अपाङ्गता भएका बालबालिका रहेछन भन्ने थाहा पायौ । त्यस पछि उनिहरूको पहिचानका अधारमा परियचपत्र बनाउन तर्फ लाग्यौ । सुरवातमा हामीलाइ परिचय पत्र बनाउन नै कति गाह्रो भयो । धैरैलाई सुस्त मनस्थिति, बहुअपाङ्गता भनेर परिचय पत्र दिएको थियो । परिचय पत्र वितरण शाखाका सर मेडमहरूलाई बुझाउन पनि निकै समय लाग्यो । परियोजना बाट पटक पटक प्रदेश मन्त्रालय, नगरपालिका, गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीहरूलाई अभिमुखिकरण तालिम दिए पछि परिचयपत्र बनाउन केही सहज भएको हो । पहिले बनाएका परिचयपत्रहरू पनि परिवर्तन गरेर श्रवणदृष्टि विहीन अपाङ्गता लेखाउन सफल भएका छौं । सुरूवातमा त हामि अभिभावकहरू आफ्नै तरिकाले काम गर्थ्यौं तर पछि परियोजनाको पहलमा सबै अभिभावकहरुलाई एकबद्ध गरेर विभिन्न तालिमहरू दिइयो, पछि हामीहरूको समुह गठन गरेर काम गर्यौं । अहिले त अभिभावकहरूको अधिकारिक संस्था नै गठन भएको छ। अभिभावकहरूको क्षमता विकास भएको छ ।



परियोजनाका कर्मचारी र अभिभावकहरू मिलेर वकालतका लागि विभिन्न ठाँउमा जाने गरेका छौँ । अहिले मोरङ जिल्लाका प्राय सबै पालिकाहरूमा श्रवणदृष्टि विहीनताका बारेमा बुझाई विकास भएको छ । कतिपय पालिकाहरूले थोरै भए पनि आफ्ना कार्यक्रमहरूमा बजेट पनि छुट्याउन थालेका छन्।

यस परियोजनाको मुख्य उपलब्धि भनेको हाम्रा नानीबाबु पनि विद्यालय अउने जाने भएका छन् । यसले हाम्रो समुदायमा, छरछिमेकमा एउटा सकारात्मक धारणा विकास भएको छ । मेरो छोरी चौबिसै घण्टा सुति राख्थिन भन्ने छरछिमेकमा थाहा थियो, उ विद्यालय जान्छिन होला भन्ने त कसैले कल्पना पनि गरेको थिएन । अचेल छोरी विहान म सँगै विद्यालय जान्छिन्, अनि छरछिमेकका मानिसहरू अचम्म मान्दै सोद्छन् "टुकु" पनि स्कुल जान्छिन? के पढ्छिन "टुकु"ले? आदि आदि ।

हाम्रो मानसिकता कस्तो छ भने, बालबालिकाले अ आ, क ख, ब्, द्य, ऋ पढ्यो भने मात्रै त्यो शिक्षा मान्छौ, हाम्रो दैनिक जिवनका कृयाकलाप सिक्नु पनि शिक्षा हो भन्ने धारणा चाहिँ जो कोहीमा पनि पाइदैन । यस्तै हाम्रा नानीबाबु सँग पनि सोधिन्छ । हिजोका दिनमा हामिलाइ पनि थाहा थिएन, हाम्रा नानी बाबु पनि विद्यलाय जालान र भन्ने थियो। तर अज परियोजनाको पहलमा हामीले सोच्दै नसोचेको उपलब्धी भएको छ ।

## टुकुले पढ्ने विद्यालयमा के पढाइन्छ त?

आम मानिसको चासो हुन सक्छ कि, यस्ता बालबालिकालाई विद्यालयमा के सिकाउछन्, उनिहरूले के सिक्छन्, हो हाम्रा नानीबाबुहरू पनि अरू बालबालियका जस्तै सधै विद्लालय आउन चाहान्छन् । उनिहरूले पनि नयाँ कुरा सिक्न चाहान्छन् तर उनिहरूमा केही कठिनाइ छ, कतिपय अभिभावकहरूको घर विद्यालय भन्दा टाढा छ त्यसकारण उनिहरू दैनिक विद्यालयमा आउन सक्दैनन् । हप्तामा २ पटक मात्रै पनि आउने धेरै जना हुनुहुन्छ । विद्यालयमा हामी सँग एकजना शिक्षक र एक जना सहयोगी हुनुहुन्छ । प्राय बालबालिकालाइ हरेक बालबालिकालाइ एक जना शिक्षक वा

सिकाइ उपलब्धी



सहयोगी चाहिने अवस्थाका हुनुहुन्छ, बालबालिकालाइ धैरै मात्रामा थेरापिको आवश्यकता छ त्यसकारण प्राय बालबालिकालाइ थेरापी सेवा दिइन्छ । उनिहरूलाइ आफ्नो दैनिक जिवनका कृयाकलाप जस्तै खाना खाने, लुगा लगाउने वा मिलाउने, शौचालय जाने, बस्न सिक्ने, उभिन र हिड्न सिक्ने जस्ता कृयाकलापहरू विद्यालयमा हुन्छन् ।

हामीले स्रोत कक्षा सुरूवात गर्दा २४ सै घण्टा ओछ्यानमा सुति रहने बालबालिका अहिले बस्न सक्ने भएका छ्न । हामी सँग भेट हुदा खाना चपाउन नजान्ने बालबालिका आफै खाना खान सक्ने भएका छन् । कुनै बालबालिका खुट्टाले लेख्न कोशिस गरिरहेका छन् । केहीले संकेत र ब्रेल सिकिरहेकाछन् । कोही आफै शैचालय जान सक्ने वा दिसा पिसाब लागेको संकेत गर्न सक्ने भएका छन् । बालबालिकामा आएको यो परिवर्तन देख्दा त लाग्छ कि हाम्रा नानीबाबुहरूलाइ ३/४ वर्षकै उमेर देखि विद्यालयमा राख्न पाएको भए त अहिले सम्म धैरै सिकिसक्ने रहेछन् ।

श्रवणदृष्टि विहीनताका बारेमा जानकारी पाए पछि सामाजिक संजालहरूमा विभिन्न देशमा भएका कामहरूका बारेमा पनि हेर्ने बुझ्ने चासो बढ्ने रहेछ, हामि पनि हेर्छौं, विकसित देशहरूमा श्रवणदृष्टि विहीनता भएका बालबालिका रोजगारी गर्ने अवस्थामा पुगिसकेका छन्, त्यसका लागि राज्यले विशेष व्यवस्था गरेको पाइन्छ तर हामी कहाँ त्यस्तो सुविधा त छैन र पनि हामिले हाम्रो ठाँउबाट कोशिस गर्यो भने असम्भव केही

पनि रहेनछ भन्ने वुझिएको छ । नेपाल सरकारबाट मासिक सामाजिक सुरक्षा भत्ता र विद्यलयमा छात्रवृत्तिको व्यवस्था भएको छ, यसले पनि अभिभावकहरूलाइ  धेरै सहयोग पुगेको छ यद्दपि यो प्रयाप्त भने छैन ।

## श्रवणदृष्टि विहीनताले अनुभुति गराएको नयाँ संसार

दुइवर्ष अगाडि सम्म हामी कोहि पनि एकअपसमा चिनजान पनि थिएन । अपांगताका बारेमा केही जानकारि पनि थिएन । हामी सुन्न सक्दैनै भन्ने थाहा थियो अनि अँखा पनि विस्तार कम देख्ने भएको थियो तर त्यस बारेमा खासै चासो थिएन । कहिले काही उपचार गरिन्थ्यो । जब २ वर्ष पहिले सन २०२१ को सुरू तिर होला, हामीहरू श्रवणदृष्टि विहीनता परियोजनाका सर म्यामहरू संग भेट भयो र एउटा तालिममा सहभागि हुने अवसर पाइयो, हो त्यहि दिन देखि हाम्रो जिन्दगीले एउटा मोड लिएको छ । हामी जस्तै धेरै साथीहरू सँग भेट भयो । हामीले अफ्नो पहिचान पायौं । श्रवणदृष्टि विहीनताका बारेमा जान्ने बुझ्ने अवसर पायौ ।

युवाहरूका आफ्नै इच्छा, चाहाना, सपना हुन्छन् तर हामी श्रवणदृष्टि विहीनता भएका युवाहरू भने साना साना समस्याहरूमै रूमलिरहेका हुन्छौ । पहिलो त हामी सुन्न देख्न सक्दैनौ, हाम्रा कुरा घरपरिवार, समाजले बुझ्दैन, उनिहरूको कुरा हामीले बुझ्दैनौ । यहि खाडलका कारण हामी दिन दिनै समस्या माथि समस्याका चाङमा डुबि रहेकाछौं



।

## सिकाइ उपलब्धी

यस परियोजनाको लाभग्राही भए पछि हामीले धेरैकुरा बुझ्ने अवसर पाएका छौ । हामी को हो, हाम्रा अधिकार के हुन, हामी सँग केस्ता विभेद भइरहेका छन्, हाम्रा अवरोध के हुन भन्ने राम्रो सँग बुझ्न पायै तर यि कुरा हामीले मात्रै बुझेर नि हुदैन रहेछ यो पनि बुझ्यौ । अब हाम्रा अवरोध, अधिकार र सम्भावनाका बारेमा घर परिवार र समाजलाई बुझाउनु पर्ने रहेछ भन्ने बुझेर स्ववकालतका कार्यमा लागेका छौ । हामी विभिन्न स्थानीय सरकार समक्ष पुगेका छौ, हाम्रा अवरोध हटाउन र सम्भावनाको प्रवर्धन गरि दिन अनुरोध पनि गर्न गरेका छौ । हामीमा शिप छ, दक्षता छ, पढेका छौ तर सधै हाम्रा अवरोधलाइ देखाएर तिमिहरूले केही गर्न सक्दैनौ भन्ने गरेको बुझ्ने क्षमताको पनि विकास भएको छ । यस अर्थमा यस परियोजना र यसमा संलग्न सबैलाइ धन्यवाद पनि भन्न चाहान्छौ ।

पटक पटकको तालिम बाट व्यक्तिगत क्षमता विकास भएको छ, हामीले अधिकार मात्रै थाहा पाएका छैनै, अधिकार प्राप्तिका लागि लड्न पनि सक्ने भएका छै । हामी जस्तै श्रवणदृष्टि विहीनता भएका युवाहरूका समस्या समाधानका लागि समेत हामी लड्नु पर्छ भन्ने सोचको विकास भएको छ ।

हामीलाइ सांकेतिक भाषा अउदैनथ्यो, हामीले साथीहरू बाटै सांकेतिक भाषामा सञ्चार गर्न सक्ने भएकाछौं । त्यसै गरि ब्रेल लिपीमा पनि लेख्न पढ्न सिकेका छौं । अबको इच्छा भनेको रोजगारीमा सहभागि हुने र अर्थिक समुन्नति तर्फ अगाडि बढ्ने नै हो ।

## अकल्पनीय सफलताका पात्रहरु


कमल मस्तिष्क पक्षघात तथा श्रवणदृष्टि विहीनता भएका बालक हुन । उनको बुवा आमा बहिरा हुनुहुन्छ । कमल एक सामान्य घर परिवारबाट हुनुहुन्छ । उनको बुवा सामान्य मजदुरी गर्नु हुन्छ भने अमा घरकै काम गर्नुहुन्छ । कमललाई जन्मदै देखि मस्तिष्क पक्षघातको असर थियो भने पछि गएर श्रवणदृष्टि विहीनता भएको पनि पुष्टि भएको हो ।



परियोजनामा आबद्द हुनु भन्दा अगाडी कमललाई घरमै राख्ने गरिन्थ्यो । उनका बुवा अमालाई पनि धेरै जानकारी नभएको, सञ्चारमा हुने अवरोधका कारण उनिहरूले धेरै सोधखोज पनि गर्न नपएको उनका अभिभावकले बताएका थिए । यस परियोजना रूपन्देही जिल्लामा सञ्चालन भएपछि स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई श्रवणदृष्टि विहीनताका विषयमा अभिमुखिकरण गरिएको थियो । स्वास्थ्य स्वयम सेविकाहरूकै पहलमा कमल परियोजनामा आवद्द भएका हुन ।

कमल २४सै घण्टा सुति राख्दथे । रूपन्देही जिल्लाको शान्ति नमुना विद्यालय स्रोत कक्षा स्थापना भएपछि कमल स्रोत कक्षामा भर्ना भएका थिए । घर बाट विद्यालय केही टाढा भएकाले नियमित विद्यालय अउन सकेका थिएनन् । परियोजनाका कर्मचारिहरूको गृहभेटका क्रममा कमलका अभिभावकलाई नियमित विद्यालयमा

ल्याउन अनुरोध गरिएको थियो । यस परियोजनाको साझेदार संस्था सेन्स इण्डिया



र सेन्स इन्टरनेसलका प्रतिनिधीहरूले सन २०२२ को मध्यतिर कमलको घरमै गएर उनको अवस्थाको अनुगमन गरेको थियो । त्यतिबेला सम्म पनि कमल बस्न सक्दैनथे, अनुगमन टोलिले कमलका अभिभावकलाई हेरचाह तथा थेरापीको बारेमा थप सुझाव दिनुभएको थियो । त्यतपश्चात कमलका अभिभावकहरूले उनलाई नियमित विद्यालयमा ल्याउन थाल्नु भयो र कमलले नियमित थेरापी सेवा पाएका थिए । करिब ६/७ महिना नियमित थेरापी पाए पछि अचेल कमल आफै बस्न सक्ने भएकाछन् । यो सफलतामा स्रोत शिक्षकको भुमिका महत्वपुर्ण रहेकोछ । स्रोत शिक्षक आफैले कमललाइ थेरापी गराउने, अन्य अभ्यास गराउने र नियमित सिकाइका क्रियाकलाप गराउनु हुन्छ ।

अहिले कमल ३० मिनेट भन्दा बढी समय सम्म अफै बस्न सक्ने भएका छन् । सहयोग पाए उभिन सक्दछन् । खाना चपाउन कोशिष गर्दछन् । कमलमा अएको परिवर्तन बाट अभिभावक पनि खुशि देखिएका छन् । कमलमा अएको यस परिवर्तन बाट परियोजनाले गरेको लगानी पनि सार्थक भएको छ ।

उमेरले परिपक्क हुने उमेर पुगिसके पनि अभिषेक बच्चै देखिन्छन् । विद्यालय जाने भने पछि उनि साह्रै खुशि हुन्छन् । स्रोत कक्षामा भर्ना हुन आउदा उनमा सुधार आउला नै भन्न सक्ने अवस्था थिएन । उमेर बढि भएका कारण उनले सहजै बानी

सुधार गर्न सकिदैन भन्ने संका थियो तर आज करिब २ वर्ष स्रोतकक्षामा बस्दा उनमा निकै परिवर्तन देख्न सकिन्छ । पहिलो पटक अभिषेकको अभिभावक तालिममा सहभागि हुदा अभिषेकका दैनिक गतिविधिहरुका बारेमा जानकारी गराउनु भएको थियो । त्यतिबेला सम्म अभिषेकलाई दिन भरि घरमा थुनेरै राख्दथे, उनले यौनाङ्ग चलाएर बस्ने र फोहर गर्ने, त्यो बानीले अभिभावकहरुलाई निकै समस्या भएको बताउनु भएको थियो । उनि विद्यालयमा आउन थाले देखि दिनभरि स्रोत कक्षामा



समय बित्छ, थेरापी पाउछन्, अनि बिभिन्न सिकाइ सामग्री खेलेर बस्दछन् ।

उनको देब्रे हातको मुठ्ठि खुल्दैन्थ्यो, कुनै बस्तु समात्न सक्दैनथे । उनलाई आफै हिड्न पनि कठिनाइ थियो । देब्रे हात निकै कडा भएका कारण मुठ्ठि फुकाउन नै गाह्रो हुन्थ्यो त्यसै गरी देब्रे खुट्टा पनि टेक्न सक्दैनथे । स्रोत कक्षामा उनलाई सुरुवातमा थेरापी दिइएको थियो । उनको हातका औंलाहरुका मांसपेसीमा सुधार ल्याउन त्यहि अनुसारका सिकाइ सामग्रीहरुबाट अभ्यास गरिएको थियो । जस्तै ब्लकहरु जोड्ने, फुकाल्ने, रिङ पिरामिडहरु मिलाउने आदि । दुइ वर्ष सम्म सबै भन्दा बढि विद्यालय आउनेमा अभिषेक पनि पर्दछन् । विद्यालय जाने भन्यो भने उनले चाडै खाना खाने, स्कुलको ड्रेस लगाउने र निकै खुशि हुने गर्दछन् । कक्षामा उनी आज्ञाकारी पनि छन् । आफुभन्दा साना भाइबहिनीलाई माया गर्दछन् । आजभोली

## सिकाइ उपलब्धी

उनि आफै उठ्न सक्छन्, चप्पल लगाउन सक्दछन्, दिसा पिसाब लागेको जानकारी गर्दछन् । उनको देब्रे हात र खुट्टामा उल्येख्य सुधार भएको छ । देब्रेहातले बस्तु समात्न, उचाल्न सक्ने भएका छन् भने देब्रे खुट्टा टेकेर हिड्न सक्दछन् । विगतमा भोक, तिर्खा लागेको र दिसा पिसाब लागेको भन्दैनथे, अचेल स्कुलमा हुदा कक्षा



शिक्षकलाई सबै जानकारी गराउदछन् । उनले सामान्य संकेत गरेर आफ्ना आवश्यकताका बारेमा भन्न सक्ने भएका छन् । उनमा आएको यो परिवर्तन बाट सबै भन्दा खुशि उनका अभिभावक र उनका शिक्षक नै छन् ।

स्रोतकक्षा स्थापना भएपछि फुरुसाङ विद्यालयमा भर्ना हुन आउनु भएको बेला पहिलो पटक उनी सँग भेट भएको थियो । त्यतिबेला उनी आँखामा औलाले घोचि राख्थीन, खानेकुरा दिदा पनि फाल्ने, नयाँ बस्तु वा खेलौना दिदा फाल्ने गर्थिन । अभिभावक भन्दा अरु सँग घुलमिल हुन जानेको थिएन । स्रोतकक्षा



सिकाइ उपलब्धी

अन्यबालबालिकाको जस्तै उनको पनि व्यक्तिगत शिक्षण योजना (IEP) बनाएका थियौं । सोही योजना अनुसार फुरसाङलाई विभिन्न कृयाकलापमा सहभागी गरायौं ।

नयाँ बस्तु छुने, आँखामा औँला लान नदिने, हातका मांसपेसीको थेरापी लगायतका कृयाकलाप नियमित गराउदा फुरसाङमा निकै सुधार भएका पाएकाछौं । उनले अचेल आफै खाना खान खोज्ने, बोतलबाट पानी आफै खाने, दिसा पिसाब लागेको जानकारी दिने गर्दछिन । फुरसाङले पहिले कुनै पनि आवाज निकाल्दैनथिन तर आजभोली केही शब्द भन्न थालेकी छन । जस्तै खानेकुराको नाम लिएर माग्ने, अरुले भनेको शब्दहरु नक्कल गर्ने गर्दछिन ।

नियमित थेरापि र अभ्यास पछि फुरसाङले आँखामा औंला राख्न पनि निकै कम गरेकी छिन् । स्कुलबाट उनको घर केही टाढा छ त्यसकारण फुुरसाङ दैनिक कक्षामा आउन सक्दैनन, यदि यातायातको व्यवस्थापन गर्न सकियो भने अझै उनले धैरै सिक्ने उनका कक्षाका शिक्षकको भनाइ रहेको छ ।

## सचेतनाका लागि गमलशिलता अभ्यास निकै प्रभावकारीः

श्रवणदृष्टि विहीनताका बारेमा बुझाउन सबै भन्दा प्रभावकारी तरिका गमनशिलताको अभ्यास रहेको छ । विशेषगरि जन्मजात श्रवणदृष्टि विहीनता वा पुर्ण श्रवणदृष्टि विहीनताको बारेमा जनचेतना प्रदान गर्न यस परियोजना मार्फत विभिन्न जिल्लामा सरकारी कर्मचारी, जनप्रतिनिधी, अभिभावक र समुदायका मानिसहरूलाइ गमनशिलताको अभ्यास गरिएको थियो ।



आँखा र कान पुर्णरुपमा बन्दगरी सहभागीहरुलाई आफु रहेको ठाँउ बाट मुलबाटोको निकास सम्म हिडाउने, खानेकुरा आफै राखेर खान लगाउने, कुनै बस्तु पहिचान गर्न लगाउने विभिन्न कृयाकलाप गर्दा सहभागिहरुले श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुले भोग्दै आएका अवरोध, कठिनाइहरु सजिलै महसुस गर्न पाएका थिए । यो विधि वकालतका लागि पनि निकै सहयोगि बनेको थियो । सरकारी कर्मचारी, जनप्रतिनिधिहरुलाई पटक पटक भेटेर विषयवस्तुका बारेमा जानकारी गराउदा पनि उहाँहरुबाट खासै प्रतिकृया पाइदैन्थ्यो तर गमनशिलताको अभ्यास पछि सबैले श्रवणदृष्टि विहीनताका कठिनाइ महसुस भएको र यस विषयमा हामी गम्भिर भएर कार्यक्रममा समेट्ने प्रतिकृया पाइन्थ्यो । यस्तै शिक्षकहरुको तालिममा श्रवणदृष्टि विहीनताको गाम्भिर्यतालाई मध्यनजर गरी यो विधिलाई अपनाइएको थियो । जसका कारण सहभागि शिक्षकहरुलाई शिक्षण सिकाइका सामग्री बनाउन, शिक्षण रणनीति

बनाउन र कक्षामा शिक्षण गर्न सहयोग पुगेको तालिम पश्चात शिक्षकहरुले बताउनु भएको थियो ।



विभिन्न स्थानीय सरकार र संघिय सरकार बाट श्रवणदृष्टि विहीनताका विषयमा गरिएका निर्णयहरु गराउन त्यस्ता अभिमुखिकरण कार्यक्रमहरुमा सहभागिहरुबाट मुख्य योगदान रहेको छ ।

# गुणस्तरीय जीवनका लागि सहकार्य

म करिब २ वर्ष देखि श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरू सँग काम गरिरहेकि छु । यो स्रोत कक्षामा अउनु भन्दा अगाडि मलाई अपाङ्गताको बारेमा केही जानकारी थिएन । विद्यालयले कर्मचारी मागेको थियो, मैले पनि दर्खास्त गरेको थिए । पहिला साना बालबालिका सँग केही काम गरेको अनुभव थियो । त्यस्तै हुन्छ होला भन्ने



सोचेर म यो क्षेत्रमा सहभागि भएकि थिए । म छनौट भए पछि पहिलो पटक अभिमुखिकरण कार्यक्रममा सहभागि भए । उक्त अभिमुखिकरणमा सहभागि हुदा त मलाइ अनौठो अनुभुति भयो । मैले कहिल्यै अपाङ्गताका बारेमा सुनेको थिएन । अपाङ्गता कति प्रकारको हुन्छ भन्ने पनि जानकारि थिएन । उक्त अभिमुखिकरण बाट धैरै कुरा जान्ने अवसर पाए । श्रवणदृष्टि विहीनताका बारेमा धैरै कुराहरू सिके । विस्तारै बालबालिकाहरू स्रोत कक्षामा भर्ना भए । पहिलो पटक श्रवणदृष्टि विहीनताका बालबालिकालाई भेट्दा म निकै डराएकि थिए । न त सुन्न सक्छन, न देख्न सक्छन, मैले कसरी उनिहरूलाई सिकाउने होला भन्ने पिर लागेको थियो । मेरा लागि बालबालिका नयाँ, बालबालिकाका लागि म नयाँ । उनिहरूसँग सम्बन्ध विस्तार गर्न नै मलाई निकै समय लाग्यो । बालबालिका पहिलो पटक विद्यालयमा अएका थिए । घर भन्दा बाहिरको मानिससँग घुलमिल हुने बानी नभएकाले म सँग घुलमिल हुन पनि केही समय लाग्यो ।



तालिममा सिकेका सिपहरू र आफ्नै अनुभव बटुल्दै बालबालिकालाई सिकाउदै गए । सुरूवातमा बालबालिका यहाँ आउदा प्राय जसो सबै एकै ठाँउमा सुति रहने अवस्थाका थिए । परियोजनाले हप्तामा २ पटक थेरापी सेवा उपलब्ध गराएको थियो । म पनि थेरापिष्ट सँग-सँगै थेरापीमा सहयोग गर्थे अनि अन्य खेलौनाहरू र अभ्यास गराउन व्यस्त हुन्थे ।

"हामी करिब ७ हजार भन्दा बढी बालबालिकालाई अध्यापन गराउछौं, यहाँ बाट केही सिकेर पठाउछौं, यसमा हामी निकै गौरवान्वीत थियौं । जब हामीसँग श्रवणदृष्टि विहीनता भएका बालबालिका जोडिनु भयो, अनि लाग्यो कि हामीलाई त अभैm धेरै गर्न बाँकि छ । जो सुन्न, देख्न, बोल्न, हिन्न सक्छन उनिहरुलाई त जोसुकैले पनि



पढाउछ्न्, उनिहरु आफै पनि पढ्न सक्छ्न्, त्यो त हामीले व्यवस्थापन मात्रै पो गरेका हौं त वास्तविक सिकाइ त अहिले भएको छ । हो हामीले समाजका ति समुदायलाई शिक्षा दिन सक्नु पर्छ जो आफै केही गर्न सक्दैनन् । हामीले मासुको डल्लो पाएका थियौं र निरन्तरको मेहनतबाट मासुको डल्लोलाई मानिस बनाउने प्रयास गर्दै छौं, यो एकल प्रयासले सम्भव नहोला, यसमा सबै पक्षको साथ सहयोगको आवश्यकता पनि



रहेको छ” कुलप्रसाद लामिछाने, प्रधानाध्यापक-शान्ती नमुना मा.वि. रुपन्देही ।

कहिले काही त मैले बालबालिकालाई सिकाउने नसकेको हो कि जस्तो पनि लाग्छ, किन भने एउटै काम सिकाउन पनि महिनौ लग्छ, बालबालिका निरन्तर स्कुलमा अएनन भने सिकाएको पनि बिर्सिन्छन् । मलाई परियोजनाका सर म्यामहरूले श्रवणदृष्टि विहीनता भएका बालबालिकालाई सिक्न थप समय लाग्छ, अत्तिनु हुन्न



भनेर बेलाबेला सुझाव पनि दिनुहुन्छ । दुइ वर्ष अगाडी फर्केर हेर्दा त बालबालिकाले निकै सिकेको जस्तो पनि लाग्छ । हिजोका दिनमा दिनै भरि सुति रहने बालबालिका अहिले हात समातेर हिन्न सक्छन, अफै बस्न सक्ने भएका छन । हातले केही समात्न नसक्ने बालबालिका आफै हातले खेलैना, पानीको बोतल लगायतका बस्तु समात्न सक्ने भएका छन् । कुनै कुनै बालबालिका त अफै हिड्न पनि सक्ने भएका छन । खाना आफै चापाएर खान सक्ने भएका छन् ।

मैले अनलाइनका माध्यम बाट नेपाली साङ्केतिक भाषा सिक्ने अवसर पनि पाएको थिए । जस बाट मलाइ साङ्केतिक भाषा बुझ्न सक्ने बालबालिकाहरू सँग सञ्चार गर्न सहज हुन्छ भने बालबालिकालाई साङ्केतिक भाषाका सङ्केत सिकाउन पनि सजिलो भएको छ । मैले ब्रेल लिपि पनि सिकेको छु । पटक पटक विभिन्न तालिम, शिक्षण सिकाइ भ्रमण अदिमा पनि सहभागि हुने अवसर पाए । जसले गर्दा मलाइ बालबालिकासँग काम गर्ने थप हैसला बढेको छ ।

केहीबालबालिकाले ब्रेल पनि सिकेका छन् भने साङ्केतिक भाषा पनि राम्रोसँग सिकेका छन् । यसरी निरन्तरता पाउने हो भने केहि बालबालिकालाई अब नियमित कक्षामा लान सक्ने अवस्थामा पुगेकाछन् ।



मैले सिकेका महत्वपुर्ण सिकाइहरूः

- अपाङ्गताको परिभाषा र प्रकार

सिकाइ उपलब्धी

- अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू
- श्रवणदृष्टि विहीनताको परिचय, परिभाषा र प्रकार
- व्यक्तिगत शैक्षणिक योजना IEP बनाउन र अध्यावधिक गर्न
- व्यक्तिगत पासवर्ड बनाउन
- नेपाली साङ्केतिक भाषा
- ब्रेल लिपि
- शिक्षण सिकाइका सामग्री बनाउन र प्रयोग गर्न
- श्रवणदृष्टि विहीनता भएका बालबालिका सँगको सञ्चारको तरिका
- अपाङ्गता भएका बालबालिकासँग सम्बन्ध विस्तार

मेरा केही सुझावहरूः

- बालबालिकाको संख्या अनुसार दक्ष जनशक्ति थप
- नियमित थेरापीको व्यवस्था
- कक्षा कोठा सँगै जोडिएको शोचालय
- भान्छा कोठा
- खेल्ने ठाँउ
- थेरापी तथा सेन्सरी कक्ष
- अभिभावकलाइ थप अभिमुखिकरण यातायातको साधन व्यवस्था



## अचेल त आफ्नै परिवार जस्तै लाग्छ...

मैले सेन्स इन्टरनेसल सँग काम गरेको करिब ४ वर्ष पुगेको छ । हिजो जस्तै लाग्छ काम सुरु गरेको तर समय कति छिटै बितेछ । श्रवणदृष्टि विहीनता मेरा लागि नितान्त नयाँ नयाँ विषय थियो । पहिलो पटक परियोजना बाट काठमाण्डौंमा तालिमका लागि बोलाइएको थियो । मैले त्यहि बेला पहिलो पटक श्रवणदृष्टि विहीन बालबालिका सित भेट्ने अवसर पाएको । श्रवणदृष्टि विहीन बालबालिकालाई पहिलो पटक भेट्दा त म निकै अलमलमा परेकि थिए । यी बालबालिकालाई मैले कसरी सिकाउन सक्छु होला, न सुन्न सक्छन् न त देख्न नै सक्छन् । मैले गलत ठाँउमा कामको लागि प्रस्ताव गरेछु कि जस्तो अनुभुति भएको थियो ।



बालबालिलाई के सिकाउने, कसरी सिकाउने होला भन्ने जस्ता धैरै प्रश्नहरु मेरो आफ्नै मनमा उठिरहेको थियो । म ३ दिनको तालिममा सहभागि भए, जसमा अपाङ्गताका प्रकार, श्रवणदृष्टि विहीनता भनेको के हो ? उनिहरुका बानी व्यवहार कस्ता कस्ता हुन्छन् लगायतका विषयमा जान्ने मौका पाए ।

श्रवणदृष्टि विहीनता भएका बालबालिका सँग काम गरेको अनुभव नहुदा कार्यक्षेत्रमा केहि दिन त काम गर्न निकै कठिनाई भयो तर काम गर्दै सिक्दै जादाँ बिस्तारै सहज हुदै गयो । जिल्लामा कति जना श्रवणदृष्टि विहीनता भएका बालबालिका छन् भन्ने कुनै तथ्यांक थिएन । हामीले नगरपालिका बाट पाएको डाटाका आधारमा घर घरमा गएर बालबालिकालाई भेटेका थियौं । नगरपालिकाको डाटामा श्रवणदृष्टि विहीन अपाङ्गता नभए पनि बहु अपाङ्ता भएका बालबालिका भेटेका थियौं ।

नगरपालिकामा परिचय पत्र वितरण हुदा पनि हामी त्यसमा सहभागी हुन थाल्यौं । हामीले तालिममा पाएको ज्ञानका आधारमा स्कृनिङ गरिएका बालबालिकालाई स्वास्थ्य जाँच गरायौं । स्वास्थ्य जाँच पछाडि मात्रै हामीले श्रवणदृष्टि विहीनता भएका बालबालिकाको पहिचान गरि उनिहरुको आवश्यकताका आधारमा घरमा गएर सेवा दिन सुरु गरेका थियौं ।



हामी बहु अपाङ्गता भएका बालबालिका कही छन् भन्ने जानकारी पाए पछि तत्कालै त्यहाँ पुग्थ्यौ । घर घरमा जादाँ कुनै अभिभावकले त राम्रो सँग बोल्ने, जानकारी दिने गर्नु हुन्थ्यो भने कुनै कुनै अभिभावले गाली गर्ने, झर्किने गर्थे । तपाईलाई किन चाहियो, काहाँ बाट आएको? किन आएको ? हाम्रो जानकारी किन दिने ?, तपाई जस्तो यहाँ कति आउँछन् सुचना लिन्छन् जान्छन्, हामीलाई देखाएर तपाईहरु पैसा कमाउनु हुन्छ जस्ता कुरा पनि सुनाउनु हुन्थ्यो । कतिपय अभिभावकले फोन गर्दा हाम्रो नम्बर नै द्ययिअप ष्कित मा राखि दिन्थे । यस्ता धैरै चुनौति सित हामी निरन्तर आगडि बढ्यौं । अभिभावकले नचाहे पनि हामाले भेटघाट गर्ने कुराकानी गर्ने, सुख दुःखको कुरा गर्ने गर्न छाडेनौ । अभिभावक सँग सम्बन्ध बनाउन कहिले काहीँ त उनिहरुसँगै काममा सहयोग गर्ने काम पनि गर्याै । बालबालिकाको बारेमा मात्र सोध्नु भन्दा पहिला अभिभावक सित घुलमिल हुने काम गर्याै । निरन्तरको भेटघाट पछि बिस्तारै अभिभावकले हाम्रा कुरा सुन्न थाल्नु भयो र आफ्नो सुख दुःखका कथा भन्न लाग्नु भायो । कति जना त हामी

सँग कुरा गर्दा धेरै रुनु पनि हुन्थ्यो । परिवार बाटै सहयोग नभएको, छरछिमेकले हेप्ने गरेको जस्ता कुरा पनि अभिभावकले सुनाउनु हुन्थ्यो ।

बालबालिकाहरु सँग श्रवणदृष्टि विहीनताको अपाङ्गता परिचय पत्र थिएन । अभिभावकहरुलाई अपाङ्ता परिचय पत्र र अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधाका बारेमा जानकारी थिएन । अभिभावकहरुलाई तालिम पनि दिदै गयौ, जसबाट उनीहरुले आफ्ना बालबालिकाले राज्य बाट पाउने सेवा सुविधाका बारेमा जानकारी पनि पाए । हामी अभिभावकलाई लगेर उनिहरुको पालिकामा गयौं र बालबालिकाको अपाङ्गता परिचय पत्र बनाउने वा सच्याउने काम पनि गर्यौ । त्यस पछि बालबालिकाले सामाजिक सुरक्षा भत्ता पनि पाउन थाल्नु भयो जसबाट अभिभावकहरु पनि खुसि हुनु भयो ।



चौथो वर्ष सम्म आइपुग्दा यस रुपन्देही जिल्ला तथा आसपासका जिल्लका अपाङगता भएका बालबालिका तथा युवाहरु गरी ४२ जना हामी सँग आवद्ध हुनु भएको छ । परियोजनाकै सहयोगमा यस जिल्लाको शान्ती नमुना माध्यमिक विद्यालयमा श्रवणदृष्टि विहीनताको स्रोत कक्षा स्थापना भएको छ, जहाँ १२ बालबालिका थेरापी सेवा तथा दैनिक जीवनका सिपहरु सिक्दै हुनुहुन्छ भने बाँकी बालबालिका तथा युवाहरुलाई तालिम तथा घरमै गएर दैनिक जीवनका सिपहरु सिकाउने काम निरन्तर भइरहेको छ । पहिलेको तुलनामा हाल बालबालिकामा धेरै

सिकाइ उपलब्धी

सुधार भएको छ । सुति राख्ने बालबालिका बस्न सक्छ । केहि सामान छुन नमान्ने बालबालिका खेलौना वा अन्या सामग्री सँग खेल्ने भएका छन् । नयाँ मान्छे भेट्दा, नयाँ ठाउँ जाँदा टोक्ने, रुने, पिट्ने, बच्चा स्कुल आउन लागेको छ । केहि नबोल्ने बच्चाहरु केहि शब्द मात्र भए पनि बोल्न थालेका छन् । घरमा भएकाहरुले आफ्नो परिवारको केहि काममा सहयोग गर्न सक्ने भएका छन् यी सबै देख्दा धैरै खुसी लाग्छ । अभिभावकहरु समय समयमा भेला हुने, बालबालिकामा आएका सुधारका बारेमा छलफल गर्ने र आगामी दिनको योजना बनाउन सक्ने भएका छन् ।

## जीवन संघर्षमय हुनुपर्छ

म सरिता, लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्छु । म एक सामान्य परिवारमा जन्मि हुर्किएको हो । मेरो बुवाआमा खेति किसानीको काम गर्नु हुन्छ । मेरो घरमा बुवाआमा सहित पाँच जना बस्दछौं । जस मध्ये म र मेरो दिदी श्रवणदृष्टि विहीन छौं । म जन्मदै दृष्टि विहीन व्यक्ति हु उज्यालो अध्यारो र फरक रंग अनुभुति गर्न सक्छु । मेरो उमेर १७ वर्ष भए पछि मेरो सुन्ने क्षमता पनि कम हुदै गएको छ । अहिले मरो सुन्ने क्षमता डिविमा पुगेको छ र सुन्ने क्षमता कम हुदै गएको छ । मैले शान्ती नमुना विद्यालयबाट माध्यमिक तह सम्मको शिक्षा पुरागरेको हो । हाल म काठमाण्डौमा स्नातक तहमा अध्ययनरत छु । जीवनमा सुख के हो, दुःख के हो, संघर्ष के हो भन्ने कुरा मैले नजिक बाट बुझेको छु । आर्थिक अवस्था कमजोर भएकै कारणले मैले समयमा मेरो आँखा र कानको उचित उपचार गर्न सकिन जसका कारण मैले देख्ने र सुन्ने क्षमता गुमाए ।



भौतिक अंगहरुमात्रै जीवन सम्झेको भए सायद म आज मेरा बारेमा यसरी शब्द कोर्न सक्ने ठाँउमा हुदैन थिए होला । घर परिवार, आफन्त र अग्रजहरुले दिएको प्रेरणाका कारण मैले जीवन बुझ्ने अवसर पाएको छु ।

आँखाको देख्ने शक्ति कमजोर हुदै गर्दा सम्म जीवन एउटा लयमा चलि रहेको थियो, तर जब कानले पनि सुन्न छोड्यो त्यस पछि भने जीवनमा धेरै उतार चढावको सामना गर्न पर्यो । सबै भन्दा ठुलो त संचार हुदो रहेछ । कुनै

अध्ययनमा लेखिएको थियो, मानिसले जीवनमा जति पनि सुचाना प्राप्त गर्छ त्यसको ९५ प्रतिशत आँखा र कानले ओगट्छ । अब यी दुबै इन्द्रिय नै निस्कृय भए पछि ५ प्रतिशत सुचनाका भरमा जीवन चलाउनु पर्दछ । ५ प्रतिशत सुचना लिन पनि सहज छैन रहेछ, यसका लागि थप तरिकाहरुको ज्ञान आवश्यक पर्ने रहेछ । कतिपय सुचना स्पर्षका माध्यमबाट, कतिपय सुँघेर त कतिपय सुचना चाखेर पनि जानकारी लिनुपर्ने अवस्था सिर्जना हुदो रहेछ । सबैतिर अवरोध मात्रै देखा पर्दाे रहेछ, ति अवरोधहरुलाई पन्छाउन सकियो भने अनि बल्ल जीवनको महत्व थाहापाइने रहेछ, जुन संघर्ष म गरि रहेकि छु।



मेरो संघर्षसिल जीवनमा सहयात्री बनेको छ, श्रवणदृष्टि विहीन व्यक्तिहरुको शिक्षा परियोजना । राष्ट्रिय बहिरा महासंघ बाट संचालित परियोजनाका कृयाकलापमा सहभागि हुने अवसर पाए पछि मैले जीवनमा अझै धेरै कुरा सिकेको छु । मलाई सबै भन्दा बढि त आवागमनमा समस्या हुने गर्दथ्यो । घरबाट बाहिर निस्कनु पर्यो भने मैले धेरै नै सास्ति खेप्न पर्दथ्यो । यस परियोजनाले सुरुमा मलाइ मोविलिटीको सिप सिकाएको थियो जसले गर्दा मेरो जीवन सहज हुदै गयो ।

म आफुलाई निकै भाग्यमानी ठान्छु, यसअर्थमा कि म दुई पटक युथ क्याम्प तथा पदयात्रामा सहभागी हुन पाएँ । म तराईमा जन्मी हुर्केको व्यक्ति हिमाल सम्मको पदयात्रा मैले कल्पना पनि गरेको थिएन । किनभने एक त म श्रवणदृष्टि विहीन

व्यक्ति भएका कारणले भौगोलिक विकटताले गर्दा पनि म त्यहाँ सम्म पुग्ने कल्पना गर्न सक्दिनथे, अर्को मेरो आर्थिक अवस्था पनि सामान्य भएकाकारण त्यो मेरो कल्पनामा थिएन । परियोजनाको पहलमा मैले हिमालको अनुभुति गर्न पाए, विभिन्न सँस्कृतिको बारेमा बुझ्न पाए, विकट भौगोलिकता अनुभुति गरे । धेरै साथिहरु ब्नाउन पाए, बिकटको जीवनको संघर्ष बुझ्न पाए । मानिस किन सगरमाथा चढ्न जान्छन् होला त्यति दुख गरेर भन्ने लाग्थ्यो तर त्यो उचाइमा पुग्न पाउनुको खुसि मैले पनि महसुस गर्न पाए । मेरो ज्यान दुखेको थियो, खुट्टा पाइला चाल्न पनि गह्रो भएको थियो तर जब हिमालको समिपमा पुग्न पाइयो, हिमालको त्यो चिसो हावाको अनुभुति गरे मैले मेरो दुःख, कष्ट सबै बिर्सिए ।

सहयोगी र सेतोछडिको सहायताले धेरै नयाँ कुरा थाहा पाये, दुखमा पनि बाच्न सक्न पर्छ, पहाडको दैनिकी कस्तो हुदो रहेछ, बुझ्न पाए । बाटोमा भएका अवधरोध पत्ता लागाउने र त्यहि अनुसार हिडाइ व्यवस्थापन गर्न सिके । भिर, पाखा, पहाड, झरना, खोला, झोलुङ्गे पुलको अनुभव भयो । सायद जिन्दगीमा यस्तो अवसर फेरी पाइएला नपाइएला तर मेरो लागि त्यो पल एक अविस्मरणीय बनेको छ ।



## साहासिक पदयात्रामा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु

सुन्दा अचम्म लाग्न सक्छ पदयात्रामा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु सहभागि हुन सक्छन् र? पदयात्रा भनेको त एकदमै साहसिक यात्रा हो। यसकालागि निकै मेहनत र तयारी आवश्यक हुन्छ। भौगोलिक जटिलताका कारण पनि यस्तो यात्रा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुका लागि सम्भव नहुन सक्छ कि



भन्ने लाग्न सक्छ। सबैभन्दा पहिला त श्रवणदृष्टि विहीनता पनि अन्य अपाङ्गता जस्तै सामान्य देखि पुर्ण अशक्तताको अवस्था सम्म हुन्छ र यो अपाङ्गता पनि जन्मजात र जन्म पश्चात हुन सक्दछ भन्ने थाहा पाउनु पर्छ। यस साहासिक पदयात्रामा जन्मपश्चात  विविध कारणले श्रवणदृष्टि विहीनता भएका सामान्य देखि पुर्ण श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरु सहभागि भएका थिए। सञ्चारको विकास भएका श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुलाई सहयोगि सेवा भएमा उनिहरु अन्य व्यक्ति जस्तै विभिन्न कृयाकलापहरुमा सकृय सहभागि हुन सक्दछन्। यसको एक उदाहरण हो कठिन पदयात्राका रुपमा मानिने अन्नपुर्ण पदमार्गमा गरिएको यो पदयात्रा।

सिकाइ उपलब्धी




राष्ट्रिय बहिरा महासंघ नेपालले सेन्स इन्टरनेसनल युके सँगको साझेदारीमा यस पदयात्राको आयोजना गरिएको हो। पदयात्रामा नेपाल र भारतका गरि २९ जना श्रवणदृष्टि विहीनता भएकाहरु तथा सहयोगि र अफिसियल गरी ५५ जनाको सहभागिता रहेको थियो। सहभागिहरुलाई अनलाइन फारम भर्न लगाइ छनौट गरिएको थियो। सहभागिहरुले करिब २ महिना अगाडि देखि उकालो ओरालो बाटोमा हिड्ने पुर्व तयारी गरेका थिए। नेपाल र भारतका अधिकांस सहभागिहरु तराइ क्षेत्र वा समुन्द्र सतहको निकै कम उचाइ करिब २५० मिटर देखि ६०० मिटर सम्मको उचाईमा बस्दै आएका थिए। पदयात्रा समुन्द्र सतहको ९०० मिटर देखि २३०० मिटर उचाई सम्म गरिएको थियो।

सायदै विश्वमै श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुले गरेको पहिलो पदयात्रा हुन सक्दछ।पदयात्रा निकै जोखिम भए पनि उत्कृष्ठ व्यवस्थापनका कारण यसलाई राष्ट्रय बहिरामहासंघ र सेन्स इन्टरनेसनल इण्डियाका प्राविधिक र सहयोगिहरुले तोकिएको समयमा सफलतापुर्वक सम्पन्न गराएका थिए। पदयात्रा कास्की जिल्लाको पोखरा बाट ३ घण्टाको बसको यात्रा गरि घान्द्रुक सम्म गरिएको थियो। पहिलो दिनको यात्रा घान्द्रुकको कला सँस्कृति, प्राकृतिक सौन्दर्यको अवलोकन तथा साँझमा आमा समुहको साँस्कृतिक कार्यक्रम हेरी सम्पन्न भयो ।



दोस्रो दिनको यात्रा अन्नपुर्ण वेश क्याम्पको नजिको गाउँ छोमरोङ सम्मको रहेको थियो। करिब १० किलोमिटरको बाटो पहिलो दिनको लागि तय गरिएको थियो। बाटो उकाली ओराली, भिर पाखा हुदै हिन्न पर्ने थियो। हरेक सहभागिलाई सहयोगि तथा साङ्केतिक भाषा दोभाषेहरुले बाटोमा देखिने विभिन्न दृश्यहरुका बारेमा र बाटोको अवस्थाका बारेमा जानकारी गराउदै यात्रालाई जीवन्त बनाउने प्रयास गरिरहेका थिए। करिब ४ घण्टाको उकाली ओराली पछि दिउसोको खाना खाने ठाउँमा पुगिएको थियो। पहिलो पटक जटिल भौगोलिक अवस्थाको बाटोमा हिड्नु पर्दा केही सहभागिहरु निकै असहज पनि महसुस गरि रहेका थिए। तर सहयोगि र दोभाषेहरुले उनीहरुलाई वातावरणमा देखिएको सुन्दरता र विविधताको संवादले यात्रामा थप उर्जा दिइ रहेको थियो। यात्राका क्रममा बाटोमा लालीगुराँस लगायतका विभिन्न प्रकृतिका फूलहरु, स-साना खोलाहरु, झोलुङ्गे पुलहरु र हिमालका दृश्यहरुले सहभागिहरुलाई थप यात्रा गर्ने जोश बढिरहेको थियो। विहान ८ बजे सुरु गरेको पदयात्रा साँझको करिब ७ बजे छोमरोङ गाउँ पुगी पहिलो दिनको यात्रा सकिएको थियो। साँझ सबैजनाले सँगै बसी रातीको खाना खादै दिनभरीका भोगाइ साटासाट

गरेका थिए। दिनभरीको हिडाइले केही थकित भए पनि पहिलो पटक प्रकृतिको फरकपन महसुस गर्न पाउदाको खुशीमा थकानले कुनै असर गरेको देखिदैनथ्यो।

तेस्रो दिनको विहानै ५ बजे उठेर सबैजना अन्नपुर्ण हिमालको नजिकबाट



दृश्यावलोकन गरि रहेका थिए।छोमरोङ गाउँ बाट अन्नपुर्ण निकै नजिक देखिन्छ। सहयोगी तथा दोभाषेहरुले श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुलाई हिमालको सुन्दरताको वर्णन गरिरहेका थिए। हिमालको नजिक भएकाले चिसो बतासले पनि सहयोगिले गरेको वर्णनलाई पुष्टि सहजै अनुमान लगाउन सकिन्थ्यो। श्रवणदृष्टि विहीनता भएका गरिरहेको व्यक्तिहरु प्रत्यक्ष आखाँले नदेखे पनि हिमालको आकृति, रंग र समग्र सुन्दरताको बारेमै अन्तर दृष्टिले आफ्नै आकृति कोरिरहेका थिए । विहान छोमरङ गाउँको सँस्कृति र मनोरम हिमसृत्तलाको दृश्यावलोकन गरे पश्चात विहानको खाजा खाएर यात्रा लान्द्रुकका लागि तय गरिएको थियो। पहिलो दिन साँझ पानी परेर पनि होला दोस्रो दिनको विहानीको मौसम निकै सफा र सुन्दर देखिएको थियो। निलो आकास, हरिया डाँडा र सेता हिमालले जो कोहीलाई पनि लोभ्याइ रहेको आभाष हुन्थ्यो । छोमरोङ बाट ओरालो बाटो हुदै झिनु डाँडा पुग्नु पर्ने थियो ।



ओरालो बाटोमा भने सबैले केही असहज महसुस गरेका थिए। बाटो आफैमा अप्ठेरो भएर पनि होला हिड्न केही गाह्रो भएको थियो। झिनु डाँडा बाट भने तेर्सो बाटो भएकाले हिड्न केहि सहज भएको थियो । बाटोमा पर्ने मोदी नदि तरेर हाम्रो यात्रा लान्द्रुकका लागि अगाडी बढायौं। बाटोमा होटलहरु पनि नभएकाले दिउसोको खाना खान लान्द्रुक पुग्नै पर्ने बाध्यता थियो। त्यसैले त पदयात्रा चुनौति पुर्ण हुन्छ भनिएको हो। कुनै ठाउँमा भोक लाग्दा पनि खाने ठाउँ पाइदैन त्यसको चाजोपाजो पदयात्री आफैले गर्नु पर्छ यस्तो अवस्थामा हलुका खाना र प्याकिङका खानाहरु बोक्नु पर्छ। हामी पनि आफुसँग भएको खानेकुरा खादै हिन्दै करिब दिउसोको ४ बजे लान्द्रुक गाँउमा पुग्यौ। जसै गाँउमा पुग्यौ त्यसै पानी पनि पर्यो। पानीले यात्रालाई रोमाञ्चक पनि बनायो र मौसमलाई थप चिसो पनि पारीदियो। करिब ५ बजे सम्म दिउसोको खाना खाएर सबै जना लान्द्रुक भन्दा केही माथीको गाउँ



टोल्खामा बास बस्यौं।

चौथो दिनको यात्रा विहानको खाजा खाएर सुन्दर पर्यटकिय गाउँ धम्पुस हुदै पोखरा सम्मको रहेको थियो। विहान करिब ४ घण्टाको उकालो बाटोको यात्रा पछि देउराली हुदै चर्चित पर्यटकिय ठाउँ पोतना पुग्यौं। टोल्खाबाट भने १० जनालाई उकालो हिड्न कठिनाइ भयो र उनीहरुलाई जिपमा सिधै पोखरा पठाउने व्यवस्था गरिएको थियो। पोतनामा दिउसोको खाना खाएर करिब १ घण्टा आराम गरी धम्पुस सम्म पैदल यात्रा गरिएको थियो। धम्पुसमा भने बसहरुको सहज पहुँच हुने भएकाले



धम्पुस देखी पोखरा करिब डेढ घण्टा बसको यात्रा गरी चौथो दिनको साँझ पुगेर पदयात्रा सम्पन्न भएको थियो।

पाँचौ दिनको विहान सबैको सहभागितामा पदयात्राको समिक्षा गरिएको थियो। पदयात्रामा भएका चुनौति, त्यहाँ बाट भएको सिकाइ र आगामी दिनको सुझाव के छ भन्ने विषयमा छलफल गरिएको थियो। सहभागीहरुले आफुले पदयात्राका क्रममा भोगेका, अनुभुति गरेका विषयहरु साटासाट गरेका थिए ।

सिकाइ उपलब्धी

सरिताले जो पुर्ण दृष्टि विहीन तथा निकै कम मात्रै सुन्न सक्ने अथवा सुस्त



श्रवण भएको व्यक्ति आफ्नो अनुभुति सुनाउदै भनिन् पहिलो दिन मलाई निकै रमाइलो भयो। म तराइमा जन्मी हुर्केको व्यक्ति पहिलो पटक उच्च पाहाडी भौगोलिकताका टेक्न पाएको थिए। मैले पहिलो पटक मेरो देशको राष्ट्रिय फूल लालीगुरँस छुन पाए। लालीगुराँसको रुखको स्पर्ष गरे । प्राकृतिक खोला, ससाना झरनाहरु नजिकबाट नियाल्न पाए। भौगोलिक जटिलताले भने मलाई निकै गाह्रो पनि बनायो। सहयोगीहरुले मलाइ उर्जा दिइरहेका थिए। कति पटक त मलाई अब म सक्दिन भन्ने अनुभुति भएको थियो तर मैले सोचे पदयात्रा आफैमा जटिल यात्रा हो यसमा  चुनौति त हुन्छन नै, चुनौतिको सामना गर्न सकेन भने त अरुले सोचे जस्तै श्रवणदृष्टि विहीनता भएका व्यक्तिले त गर्न सक्दैनन भन्ने हुन्छ। मैले यो यात्रा कुनै पनि हालतमा गर्नु पर्छ र म गर्छु भन्ने आत्मबलले मैले यात्रा सफलता पुर्वक सम्पन्न गरे। सायद मैले सक्दिन भनेर छोडेको भए मैले पदयात्रा, भौगोलिक विविधताको अनुभुति नै गर्न पाउने थिइन। आज म निकै खुसी छु र गर्भका साथ भन्न सक्छु कि मैले अन्नपुर्ण पदमार्गमा २३०० मिटर उचाई सम्म पदयात्रा गरेको छु ।

भारतबाट सहभागि हुनु भएको गोबिन्दाले यसरी अनुभव बताउनु भयो। म समन्द्र सतहको निकै कम उचाइ अर्थात करिब २५० मिटरमा जन्मि हुर्केको व्यक्ति हुँ।म



श्रवणदृष्टि विहीनता भएकै कारण घरबाट बाहिर कतै जान सकिन। जब म भारतमा श्रवणदृष्टि विहीनता भएका युवाहरुको समुहमा सामेल भए त्यस पछि मात्रै म घर बाहिर निस्कन थालेको हुँ। मलाइ संचारमा निकै कठिनाइ हुन्छ। मेरो भाइले मलाइ संचारमा सहयोग गर्नु हुन्छ। म नेपाल पनि पहिलो पटक आएको हु र यस्तो पहाडमा पनि पहिलो नै हो। मलाइ यो यात्राले धैरै सिकाएको छ। म अझै यो भन्दा माथी अर्थात हिमाल सम्म जान चाहान्छु। हिउँ छुने मेरो इच्छा छ। मैले यस्तो अवसर फेरी पनि पाए भने हिमाल सम्म जाने इच्छा रहेको छ।

यस्तै अर्का युवा दीपकले बाटोमा मानिसहरुले ठूलो भारी बोकेको छामेर थाहा पाएको र आफु तराइ क्षेत्रमै जन्मी हुर्केको र तराइमा त यातायातका साधन सजिलै पाउने भएकाले तराइको भन्दा पहाडको जिन्दगी निकै गाह्रो जस्तो लाग्यो। मैले



पहाडमा यस्तो हुन्छ भन्ने सोचेको थिएन र यस पदयत्राबाट थाहा पाए। मलाइ पहाडको मौसम, चिसो हावा निकै मन पर्यो। म हिन्दु परिवार बाट हो र मलाइ भगवान शिब एकदमै मन पर्छन र मैले बुझे अनुसार भगवान शिब पनि हिमालमा नै बस्नु हुन्छ। त्यसैले पनि मलाइ हिमाल मन पर्छ र फेरी यस्तो अवसर पाए फेरी आउछु। भारत बाट सहभागी हुनु भएको र भारतीय टिमको समुह नेताका रुपमा रहनु भएको श्रुतिलताले भन्नु भयो, मैले पहिलो पटकको पदयात्रामा भाग लिन पाएको मैले यस पदयात्रा बाट धैरै कुराहरू सिकेको छु। हामीले धैरै चुनौतीहरूको सामना गर्यौं तर म साँच्चै खुशी छु कि हामी गन्तव्यमा पुग्यौं र आफूलाई विश्वसामु प्रमाणित गर्यौं। अब हामीलाई थाहा छ। सहयोगी र निर्देशन सहि छ भनी हामी जे पनि गर्न सक्छौं भन्ने कुरामा म विश्वास गर्छु। कुनै पनि ठूला चुनौतीको सामना गर्नु अघि हामी सबैलाई कत्तिको थप तयारी आवश्यक छ भन्ने कुरामा म ढुक्क छु। म विश्वस्त छु कि हामी सबैले अर्को पटकको लागि राम्रोसँग तयारी गर्नेछौं।

साङ्केतिक भाषा दोभाषेको रुपमा भारत बाटै आउनु भएको दोभाषे ओमितले आफ्नो अनुभव यसरी बताउनु भयो। यो मेरो जीवनमा पहिलो यात्रा थियो र अनुभव साँच्चै उत्कृष्ठ रह्यो। जसले हामीलाई विभिन्न व्यक्तिहरूसँग घुलमिल हुन सिक्ने र तिनीहरूको क्षमताहरू जान्ने अवसर प्रदान गर्दछ। यो पदयात्राले हामीलाई अनौठो  चुनौतिहरू दियो, विशेष गरी साँघुरो बाटोमा उकाली ओराली, चिप्लो र कच्ची बाटोमा गमनशीलता गराउन पर्दा एकै समयमा मैले वातावरणको



जानकारीको व्याख्या र सहयोग गर्न आवश्यक हुने रहेछ। यी कठिनाइहरूको बाबजुद पनि हामीले कुनै पनि अवरोध बिना अन्य व्यक्तिहरू जस्तै यो यात्रा




सफलतापूर्वक पूरा गर्न सक्षम भयौं। यो एक अविस्मरणीय अनुभव थियो र श्रवणदृष्टि विहीनता भएका युवाहरू र उनीहरूका सहयोगी व्यक्तिहरूले देखाएको दृढ संकल्पको साक्षी पाउनु साँच्चै प्रेरणादायी थियो। मलाई लाग्छ कि यो साहसिक कार्यले हामीलाई श्रवणदृष्टि विहीन व्यक्तिहरूको क्षमताको बारेमा बुझ्ने अवसर मिलेको छ। म यस यात्राको एक हिस्सा बन्न पाउदा निकै कृतज्ञ छु।

श्रवणदृष्टि विहीन व्यक्तिहरूको लागि खेलकुदको सन्दर्भमा यस पदयात्राले एउटा नयाँ आयाम थपेको छ। अवसर र पहुँचयुक्त भयो भने श्रवणदृष्टि विहीन व्यक्तिहरूले अन्य व्यक्ति सरह सबै छेत्रमा बराबरी गर्न सक्छन भन्ने यस पदयात्रा संसारसामु प्रमाणित गरेको छ । श्रवणदृष्टि विहीन व्यक्तिहरूलाई केवल सही माग र दर्शन, अवसर र उचित समर्थन चाहिन्छ । मनोरञ्जन गर्न पाउनु पनि एक अधिकार हो जुन श्रवणदृष्टि विहिन व्यक्तिहरूले पनि पाउनु पर्छ र नेपालको कानुनले यसलाइ पुष्टि पनि गरेको छ । विभिन्न साहसिक खेलहरुमा अपाङ्गता भएका व्यक्ति सहभागितालाई नजरअन्दाज गरिनु हुन्न । पदमार्गहरुलाई अपांगता समावेशी बनाउन सके यसले पर्यटन विकासमा पनि टेवा

पुग्ने र अपांगता भएका व्यक्तिको मनोरन्जनको अधिकार पनि सुरक्षित हुने देखिन्छ ।








## यस पुस्तकबाट पाठकले के सिक्न सक्छन्?

यो पुस्तकमा श्रवणदृष्टि विहीनताका बारेमा विस्तृत जानकारी राखिएको छ । नेपालमा श्रवणदृष्टि विहीनताको सुरुवात कसरी भयो, श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको अवस्था कस्तो रहेको छ, जन्मजात श्रवणदृष्टि विहीनता भएका बालबालिकाको शिक्षाका क्षेत्रमा गरिएका कृयाकलापहरु समेटिएकाछन् । शिक्षाका क्षेत्रमा नीतिगत तहमा भएका उपलब्धिहरु यस पुस्तकमा समेटिएका छन् ।

## सिकाइ उपलब्धी

यस पुस्तकमा समेटिएका सफलताका कथा बाट देशका अन्य भागमा रहेका श्रवणदृष्टि विहीनता भएका बालबालिकालाई उनिहरुकै ठाँउमा विद्यालय शिक्षा वा दैनिक जिवनका सिप सिकाउन सहायक हुने अपक्षा गरिएको छ ।

यसै गरी अभिभावकहरुले गरेको मेहनत र सरोकारवाला निकाय समक्ष गरेको वकालत पैरवीले नयाँ ठाउँका अभिभावकहरुमा नयाँ उर्जा ल्याउने विश्वास गरिएको छ ।

## धन्यवाद